**तातो हावा "लू"बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily .com

**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ०२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 15 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५२

## गत वर्षको तुलनामा महानगरले तीन करोड बढी राजस्व उठायो

## तर यस वर्ष पनि लक्ष्य पूरा गर्ने सम्भावना न्यून

प्रस, वीरगंज, १ जेठ/

वीरगंज महानगरपालिका राजस्व



तस्वीरः फाइल

महाशाखाले चालू आव २०८०/८१ को वैशाख मसान्तसम्म ३९ करोड ८० लाख ३४ हजार ११९ रुपैयाँ राजस्व सङ्कलन गरेको राजस्व महाशाखा प्रमुख मनोज कर्णले बताए ।

गत वर्षको यसै महीनासम्म महानगरले रु ३६ करोड ६१ लाख ३६ हजार ९० राजस्व सङ्कलन गरेको थियो। गत वर्षको तुलनामा चालू आवमा महानगरले रु तीन करोड १८ लाख ९८ हजार २९ बढी राजस्व सङ्कलन गरेको महाशाखा प्रमुख कर्णले बताए । महानगरले सम्पत्तिकरबाट चालू आवको वैशाखसम्म रु १३ करोड ९३ लाख ६२ हजार ९७१, भूमि/मालपोत करबाट रु ७७ लाख ९६ हजार ११०, घरबहाल करबाट रु चार करोड ९६ लाख ७५ हजार ३६५, बहाल बिटौरी करबाट रु १५ लाख ४१ हजार, सवारीसाधन (साना सवारी) करबाट रु २२ लाख १८ हजार ९३०, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट रु दुई करोड सात लाख ९२ हजार ९६०, बाँडफाडबाट प्राप्त हुने विज्ञापन करबाट रु ३९ लाख ३४ हजार ५२५, अन्य मनोरञ्जन करबाट रु पाँच लाख ५० हजार ५३३, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट रु दुई करोड छ लाख ८१ हजार ८८०, अखेटोपहारमा लाग्ने करबाट रु एक करोड ९४ लाख ६० हजार, सरकारी सम्पत्ति बहालकरबाट रु तीन करोड २६ लाख ४४ हजार ३४, अन्य स्रोतबाट प्राप्त बाँडफाड नहुने रोयल्टीबाट रु ८२ लाख ८० हजार, निजी धाराको शुल्कबापत रु एक लाख २८ हजार ९९०, अन्य सेवा शुल्कबाट रु दुई करोड ४१ लाख ४३ हजार २५९, अन्य प्रशासनिक सेवा शुल्कबाट रु २७ लाख १३ हजार ८६५, नक्शापास दस्तुरबाट रु दुई करोड ९२ लाख चार हजार ५६६, सिफारिश दस्तुरबाट रु दुई करोड छ लाख ५९ हजार २१५, व्यक्तिगत घटना दस्तुरबाट रु २७ लाख ४५ हजार ७८०, नाता प्रमाणित दस्तुरबाट रु १८ लाख ७९ हजार ६२०, अन्य दस्तुरबाट रु पाँच लाख ३२ हजार ६७०, बेरुजू रु ३७ लाख ५५ हजार १५२ गरी रु ३९ करोड ८० लाख ३४ हजार ११९ राजस्व सङ्कलन भएको राजस्व महाशाखा प्रमुख कर्णले बताए।

वीरगंज महानगरपालिकाले चालू आवमा रु ७५ करोड राजस्व सङ्कलनको लक्ष्य लिएको छ। आगामी दुई महीनामा सो लक्ष्य पूरा गर्ने दायित्व महानगरमा रहे पनि आर्थिक मन्दीका कारण राजस्व सङ्कलन प्रभावित हुने देखिएको छ। दुई महीनामा लगभग रु ६० करोड राजस्व सङ्कलन हुने अनुमान गरिएको छ। गत वर्ष पनि लक्ष्य पूरा हुन सकेको थिएन भने यस वर्ष पनि लक्ष्य पूरा हुने सम्भावना न्यून छ।

## एनआइसी एशिया लघुवित्तमा तोडफोड, आगजनी


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १ जेठ/

एनआइसी एशिया लघुवित्त कार्यालय, परवानीपुरमा मङ्गलवार तोडफोड तथा आगजनी भएको छ।

दुर्गा प्रसाईं समूहले वैशाख २६ गतेदेखि जारी गरेको आन्दोलनको क्रममा आज दिउँसो १:३० बजे परवानीपुर गाउँपालिका–३ स्थित एनआइसी एशिया लघुवित्त कार्यालयमा तोडफोड र आगजनी गरिएको बताइएको छ।

१५–२० जनाको समूहमा रहेका व्यक्तिहरू दिउँसो १:३० बजे लघुवित्तमा प्रवेश गरेका र त्यहाँ रहेका फर्निचर, कम्प्युटर तोडफोड गर्नुका साथै तमसुक, भौचरहरू जलाएर नष्ट गरेको शाखा प्रमुख सन्तोष दासले बताए।

उनले १५–२० जनाको समूह कार्यालयमा प्रवेश गरेर १५ मिनेटभित्र वितण्डा मचाएर फर्केको बताए। प्रबन्धक दासले खराब कर्जाको कारण कालोसूचीमा परेका ऋणीहरूको समूहबाट आजको घटना भएको आरोप लगाएका छन्।

प्रहरीले घटनामा संलग्नहरूलाई पक्राउ गर्न सकेको छैन । जिप्रका, बाराले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ। दुर्गा प्रसाईं समूहले हिजो कलैया उपमहानगरपालिकास्थित एभरेस्ट बैंकमा प्रदर्शन गरी ढुङ्गामुढा गरेको थियो।

## प्रहरीले समाउँछ राजस्वबाट छुट्छ

प्रस, वीरगंज, १ जेठ

जिल्ला प्रहरी कार्यालय, पर्सा/बारा र सशस्त्र प्रहरीले भन्सार छली तथा बिलबीजकभन्दा बढी सामान भएको दाबी गर्दै राजस्व अनुसन्धान कार्यालय, पथलैयामा पठाउने सामान र सवारीसाधनमध्ये ९५ प्रतिशत विनाकारबाई छुट्दै आएका छन्।

जनपद र सशस्त्र प्रहरीले भन्सार छलीका र सवारीसाधनमा लोड विभिन्न सामग्रीहरू बिलबीजकभन्दा बढी भएको भनेर राजस्व अनुसन्धान, पथलैयामा पठाउने गरेको तर त्यहाँ अनुसन्धानबाट भने त्रुटि नदेखिने गरेको पाइएको छ। राजस्व अनुसन्धान कार्यालय, पथलैयाका प्रवक्ता एवं अनुसन्धान अधिकृत प्रमोद चौधरीले सुरक्षा निकायबाट राजस्व अनुसन्धानमा आउने गरेका घटनामा पाँच प्रतिशत मात्र कारबाईको प्रक्रियामा पर्ने गरेको बताए । उनले सुरक्षाकर्मीहरूले भन्सार छलीका अथवा बिलबीजकभन्दा बढी रहेका सामान राजस्व अनुसन्धानमा पठाउनुपर्नेमा त्यसो नगरी स्वयम् सवारीसाधन र मालवस्तुको मूल्याङ्कन गरेर पठाउने गरेकामा सो कार्य त्रुटिपूर्ण रहेको बताएका छन्।

उनले सुरक्षाकर्मीहरूलाई मूल्याङ्कन गर्ने अधिकार नभएको बताए । प्रवक्ता चौधरीले सुरक्षाकर्मीहरूबाट पठाइने सवारीसाधन, मालवस्तुको चेकजाँचमा समय खर्च भइरहेको र प्रतिफल नआएको बताए ।

पर्सा र बाराबाट दैनिकरूपमा जनपद र सशस्त्र प्रहरीले मालवस्तुहरू समातेर राजस्व अनुसन्धानमा पठाउने गरेको छ। जिप्रका, पर्साले एक महीनामा मात्र रु छ करोडभन्दा बढीको सामान पठाएको दाबी गरेको छ । बारा प्रहरीले पनि सोही



परिमाणमा मालवस्तुहरू बरामद गर्ने र पठाउने गरेको छ । तर अनुसन्धान कार्यालयबाट भने ती मालवस्तुहरू वैधानिक भएको पाइने गरेको छ। प्रहरीले काम देखाउनका लागि मालवस्तुहरू बरामद गर्ने, पठाउने गरे पनि त्यसमा भने सत्यता नहुने गरेको पाइएको छ । यसले गर्दा प्रहरीले व्यवसायीहरूसँग पूर्वाग्रह राख्ने गरेको देखिन्छ । सुरक्षा निकायका दुवै अङ्गले आफैंले इमानदारीका साथ मालवस्तुको चेकजाँच गर्ने र त्रुटि देखिएकालाई मात्र राजस्व अनुसन्धानमा पठाउने गरेको भए यो अवस्था आउने थिएन। प्रचारबाजीका लागि प्रहरीले ठूलो परिमाणमा मालवस्तुहरू पठाएको भएपनि कारबाई भने हुने गरेको छैन ।

यस विषयमा पर्सा र बाराका जनपद तथा सशस्त्र प्रहरीले ध्यान दिनुपर्ने देखिन्छ।

### एक महीनामा छ करोडको सामान बरामद

जिल्ला प्रहरी कार्यालय, पर्साले २०८१ वैशाख महीनामा छ करोड १३ लाख ६८ हजार मूल्य बराबरको भन्सार छलीका सामान नियन्त्रणमा लिई वीरगंज भन्सार कार्यालय बुझाएको छ।

यसैगरी, सोही अवधिमा ३५ लाख २० हजार सात सय स्रोत नखुलेको रकमसहित तीनजनालाई पक्राउ गरेको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिए। वैशाखमा एक लाख २३ हजार नक्कली नोट बरामद गर्नुका साथै ४२ वटा हराएका मोबाइल खोजी गरी सम्बन्धित व्यक्तिको जिम्मा लगाएको उनले बताए।

यसैगरी, प्रहरीले आपराधिक कार्यमा संलग्न रहेको आरोपमा भारतीय नागरिक बबलु पासवान भन्ने गणेश कुमारलाई एक थान मेड इन युएसए लेखिएको पेस्तोलसहित पक्राउ गरेको छ।

वैशाख महीनामा पर्सा प्रहरीले फैसला कार्यान्वयनतर्फ १५१ जना प्रतिवादीलाई पक्राउ गरी पाँच वर्ष २९ दिन कैद र रु १५ लाख आठ हजार ७४२ जरिवाना असुल गरेको र ११ जना फरार प्रतिवादीलाई पनि प्रहरीले पक्राउ गरेको प्रवक्ता थापाले बताए। वैशाखमा गाँजा १५ किलो, खैरो हिरोइन ५७.४५ ग्राम, कोरेक्स ६७ बोतल, नाइट्रोभ्याट ७९९ थान, फेनारगन ३० एम्पुल, डाइजेल्याब ३३ एम्पुल, नुरफिन ३३ एम्पुल बरामद गरेको प्रवक्ता थापाले जानकारी गराए।

## बजेट अभावमा सामाजिक विकासको कार्यक्रम प्रभावित

प्रस, वीरगंज, १ जेठ/

वीरगंज महानगरपालिका कार्यालय अन्तर्गतको सामाजिक विकास महाशाखाले बजेट अभावमा चालू आवमा एउटा पनि कार्यक्रम सञ्चालन गर्न सकेको छैन ।

चालू आवमा महानगरले आन्तरिक बजेटबाट सामाजिक विकास कार्यक्रमको लागि रु दुई करोड रकम विनियोजन गरेको थियो ।

नगरसभाले यो रकम विनियोजन गरे पनि महानगर आर्थिक सङ्कटमा परेपछि महाशाखालाई सोअनुरूपको रकम प्राप्त नहुँदा कार्यक्रम नभएको हो । सामाजिक महाशाखा प्रमुख राजीव गिरीले गत आव दुई करोड रकम विनियोजन भएकामा जनचेतना तथा सीपमूलक कार्यक्रमहरूमा पौने दुई करोड खर्च भएको बताए ।



तस्वीरः फाइल

उनले चालू आवको वैशाख मसान्तसम्म महानगरको आन्तरिक स्रोतबाट कुनै कार्यक्रम नभएको जानकारी गराए । प्रमुख गिरीले सङ्घीय सरकारबाट दलितहरूलाई लक्षित गरेर दुईवटा कार्यक्रम आएको र सो सञ्चालन हुने क्रममा रहेको बताए। उनले रु आठ लाख लागतमा दुईवटा कार्यक्रमको योजना तय भइसकेको र सो कार्यक्रम तुरुन्तै सम्पन्न गर्ने बताए ।

यसैगरी, प्रदेश सरकारबाट पनि आएको रकम सोही प्रकारले सञ्चालन भएको तर महानगरको आन्तरिक स्रोतबाट भने बितेको १० महीनासम्म कुनै पनि कार्यक्रम नभएको बताए ।

### हरि खेतान बहुमुखी क्याम्पस, वीरगंज, पर्सा

### उपस्थित हुनेबारेको सूचना

यस क्याम्पसको भवन निर्माण कार्यका लागि e-bid मार्फत "Construction of Educational Building -HERP/UGC/HKMC/NCB/01/076/77" ठेक्का सम्झौता मितिः २०७६/०८/२० मा गरी निर्माण कार्य गर्नुभएका सन्तोष निर्माण सेवा, वीरगंज–१४ पर्सा, तपाईंलाई यस क्याम्पसबाट पटकपटक सम्पर्क गरी क्याम्पस प्रशासनमा आउनु भनिएको साथै तपाईंको नाम र ठेगानासमेतमा हुलाकमार्फत पत्र पठाउँदा पनि सम्पर्कमा नआउनुभएकोले यो उपस्थित हुनेबारेको सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपाईंसँग भएको Contract Agreement Paper भुक्तानीका लागि Running Bill लगायत Final Bill हरू तथा कार्य सम्पन्नको पत्रसमेतको कागजातसहित क्याम्पस प्रशासनमा सम्पर्क राख्न आउनुहोला। समयावधिभित्र नआएमा यसै सूचनाको आधारमा कारबाईका लागि प्रक्रिया अगाडि बढाइने बेहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

**क्याम्पस प्रशासन**

## बिहारका मुख्यमन्त्री नीतीश कुमार भोलि भेलाही आउने

प्रस, वीरगंज, १ जेठ/

छिमेकी भारत, बिहारका मुख्यमन्त्री नीतीश कुमार जेठ ३ गते पूर्वी चम्पारणको भेलाहीमा चुनावीसभाको लागि आउने भएका छन्।

लोकसभा चुनावलाई लक्षित गरेर मुख्यमन्त्री नीतीश कुमार पश्चिम चम्पारण लोकसभा प्रत्यासी सञ्जय जयसवालको लागि मत माग्न भेलाही आउन लागेको बताइएको छ ।

मुख्यमन्त्रीको भेलाही आगमनलाई लिएर सुरक्षाकर्मीहरूले तयारी पूरा गरेका छन्।

एसपी कान्तेश मिश्रलगायतको टोलीले स्थलगत भ्रमण गर्दै मुख्यमन्त्रीको चुनावीसभाको तयारीका लागि सुरक्षा प्रबन्ध मिलाइएको बताए ।

यसैगरी, भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले पनि सीमावर्ती क्षेत्रमा सुरक्षा प्रबन्ध कडा गरेको छ। भाजपा विधायक प्रमोद सिन्हाले यसअघि भेलाहीमा मुख्यमन्त्री नीतीश कुमारले दुईपटक चुनावीसभा गरिसकेको र कुनै समस्या नभएको बताए ।

**विचारसार र सूक्तिहरू**

**अधिकांश मानिस स्वतन्त्रता चाहँदैनन्, किनकि स्वतन्त्रताको उत्तरदायित्वसँग अन्योन्याश्रित सम्बन्ध छ, र ती मानिस उत्तरदायित्व लिन डर मान्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# उपलब्धिहीन तालीम

**सामाजिक विकास कार्यक्रम सदैव विवादित रहँदै आएको विषय हो । विवादित हुनुको कारण भने कमिशन हो । समाजमा विभिन्न विषयहरूमा चेतना फैलाउन र रोजगारका लागि विभिन्न सीपमूलक तालीमहरू दिनका लागि सामाजिक विकास कार्यक्रमको अवधारणा सरकारले ल्याएको हो । वैदेशिक रोजगारमा जानेहरू दक्ष नहुँदा विदेशमा गएर सीप अभावमा विभिन्न खाले हण्डरहरू खानुपरेको कुरालाई दृष्टिगत गर्दै स्वदेशमा नै सीप सिकेर आत्मनिर्भर बनून् र विदेश जान नपरोस् भन्ने भावनाले अभिप्रेरित भएर यो कार्यक्रम लागू गरिएको हो । तर सरकारको यो सोचलाई स्थानीय पालिकाहरूले प्रभावकारी ढङ्गबाट पालना नगरेका र नेताहरू कार्यकर्तामुखी अनि कर्मचारीहरू कमिशनमुखी हुँदा सामाजिक विकास कार्यक्रम विवादित हुँदै आएको छ। शुरूमा तत्कालीन जिल्ला विकास समितिबाट सामाजिक विकास कार्यक्रम सञ्चालन हुन्थ्यो ।**

**जिविसबाट सञ्चालित हुँदादेखि नै यो कार्यक्रम विवादित बनेको थियो । नेताहरूले आफ्ना कार्यकर्ताहरूलाई यो कार्यक्रमको जिम्मेवारी दिने र त्यसबाट कमिशन बुझ्ने काम गरेपछि कर्मचारीहरूले पनि यो कार्यक्रममा कमिशनको हकदाबी राख्न शुरू गरेका हुन् । तत्कालीन अवस्थामा गाविसहरूमा अगरबत्ती, साबुन, सर्फ, अचार, मैनबत्ती, ब्युटिसियन, कम्प्युटर, मोबाइल, अल्मुनियम, मोटर मेकानिक, पत्रकारिता र लोकसेवा तयारी जस्ता तालीमका कार्यक्रमहरू आयोजना गरिएका थिए । ती तालीमहरू झारा टार्ने गरी भएकाले प्रतिफल नआएको हो । जिविसदेखि नै यो कार्यक्रम ५०:५० मा हुँदै आएको थियो र अहिले पालिकास्तरबाट हुने कार्यक्रमहरू पनि सोही हिसाबमा हुँदै आएको छ । सामाजिक विकास कार्यक्रम लागू भएको सरदर एक दशक हुन लाग्यो । देश सङ्घीय गणतन्त्र भएर प्रदेश र स्थानीय तहको संरचनामा गएको पनि छ वर्ष बित्न लाग्यो। अहिले सबैजसो पालिकाले गाउँ, नगरसभा गर्दा सामाजिक विकास कार्यक्रमका लागि बजेट विनियोजन गरेका छन्। तर पालिकाहरूले दिने तालीमको प्रतिफल भने निकै कम छ। यसको एउटै कारण तालीम प्रभावकारी नहुनु हो । सामाजिक विकासका कार्यक्रमहरू प्रभावकारी तरीकाबाट सञ्चालन गर्ने र तालीम लिएकाहरूलाई सोअनुरूपको रोजगारको लागि पालिकाहरूले उत्प्रेरित गर्न सकेका छैनन् ।**

**बर्सेनि विभिन्न शीर्षकमा तालीमहरू आयोजना गरिन्छन् तर त्यसका प्रतिफल के कति भए भन्ने विषयमा सर्वेक्षण गरिंदैन । तोकिएको विषयमा तालीम आयोजना गर्ने तर तोकिएको अवधिसम्म सञ्चालन नगर्ने, एकै प्रकारका मानिसलाई अनेक तालीममा भेला गराएर ब्यानर मात्र परिवर्तन गरी तालीम शुरू भएको र समापन गरेको प्रचारबाजी गरी त्यसको गतिलो प्रोफाइल बनाएर भुक्तानी लिने र शर्त अनुसारको कमिशन दिने, यी कामहरू इमानदारीपूर्वक हुन्छन्। तालीम लिएकाहरूले त्यसअनुरूपका कार्य गरेका छन् कि छैनन् त्यसको निगरानी गरेको पाइँदैन। कमिशन र भत्ताको लागि मात्र तालीम आयोजना हुँदा अनेक विषयका तालीमहरूमा एकै अनुहार मात्र देखिनु स्वाभाविक नै हो। उपादेयता सिद्ध भएपछि मात्र तालीम आयोजना हुनुपर्छ र तालीम लिनेहरूसँग त्यसअनुरूपको कार्य गर्नुपर्ने प्रतिबद्धता लिएपछि मात्र सहभागी गराउनुपर्छ । यी कार्य नहुँदा दक्ष जनशक्ति उत्पादन हुन नसकेको हो र अदक्ष जनशक्तिले काम नपाएर वैदेशिक रोजगारतर्फ आकर्षण बढेको हो ।**

# मेरो गोरुको बाह्रै टक्का

केही दिन पहिले चीन भ्रमणमा रहेको माओवादीको जम्बो डेलिगेशनसँग कुराकानी गर्दै सिपिसीको अन्तर्राष्ट्रिय विभागका मन्त्री लिउ जिन्चाओले नेपालमा बनेको नयाँ गठबन्धनको सरकारबाट हर्षित भएको उल्लेख गर्दै वामपन्थी दलहरू एकबद्ध हुनुपर्ने कुरामा जोड दिएको समाचार बाहिरिएको छ । चीनले यसभन्दा पहिले पनि २०१८ मा माओवादी केन्द्र र एमालेबीच पार्टी एकता नै गराउन सफल भएर चुनावसमेत लडेर बहुमत प्राप्त गरे पनि, यो सरकार तीन वर्षभन्दा बढी नचलेको र प्रधानमन्त्री बन्ने पालोको द्वन्द्वमा अन्ततः संसद् नै दुईपटक विघटन गरिएको र दुवैपटक त्यसलाई कानूनविपरीत भनेर सर्वोच्चले पुनर्स्थापित गरेको र त्यसपछि नेकपा एमाले पुनः एमाले र माओवादी केन्द्रको हैसियतमा झरेको सबैलाई सम्झना हुनुपर्छ । त्यस बेलादेखि नै नेपालमा चिनियाँ प्रतिनिधि आउने र वामपन्थी दलको टोलीलाई चीन भ्रमणमा बोलाउने क्रम बाक्लिंदै गएपछि कूटनैतिक क्षेत्रका विज्ञहरूले चीनले अब कुन मोडालिटीमा वामपन्थीहरूलाई एकबद्ध गर्न सकिन्छ भनेर अत्यन्त अभिरुचिका साथ हेरिरहेको लख काटेका थिए । नभन्दै काङ्ग्रेससँग गठबन्धनमा रहेको माओवादी फेरि एमालेलगायत अन्य दलहरूसँग मिली सरकार बनाउन पुगेको छ ।

नेपालमा यसरी बाक्लिंदै गएको प्रतिनिधिमण्डलको भ्रमणको पृष्ठभूमिमा सरकार फेरिनु र १० दिने भ्रमणमा रहेको नेपाली टोलीलाई हामी एमाले र माओवादी मिलेर बनेको गठबन्धन सरकार बनेकोमा अत्यन्त खुशी छौं र हामी नेपालमा वामपन्थीहरूको स्थिर सरकार बनेको देख्न चाहन्छौं। नेपाल र नेपालीको खुशी र समृद्धि वामपन्थी सरकारबाट मात्र सम्भव भएकोले हामी हरसम्भव सहयोगको लागि तयार छौं भन्नुलाई कुन अर्थमा लिन सकिन्छ, बुझ्न धेरै गाह्रो छैन । यसका साथै लिउले चीनका राष्ट्रपति सी जिनपिङ र नेपालका नेताहरूको सुमधुर सम्बन्धका कारण दुवै देशको सम्बन्ध सुदृढ हुँदै गएको भनाइ पनि व्यक्त गरे । यी सबै राम्रा कुराहरू भइरहँदा चीनले 'जिसका डर था वही हुआ' भनेजस्तै प्रशंसाका साथै भ्रमण दललाई कडा चेतावनी दिएको समाचारहरू पनि बाहिर आएका छन् ।

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**चीन र अमेरिकाबीच कटुता छ तर पनि व्यापार जारी छ । नयाँ विश्वको नयाँ परिवेश वा विषयवस्तु नै नबुझेर हामी न भारतसँग, न चीनसँग नै खुलेर आफ्नो कुरा राख्न सक्छौं । यस्तो किन हुन्छ भन्दा हामी आन्तरिक र आर्थिकरूपमा सबल हुन सकेका छैनौं ।**

भ्रमणमा रहेको दललाई वामपन्थी सरकार बनेकोमा हर्ष व्यक्त गर्दागर्दै चीनको भविष्यको विदेशमन्त्रीको रूपमा हेरिएका लिउले चीनले नेपालबाट आफूविरुद्ध लक्षित कुनै पनि क्रियाकलाप सहने छैन। हामी विश्व शान्तिको पक्षधर हौं भन्दै नाम नलिए तापनि पश्चिमा देशहरूतर्फ उनको इशारा रहेको अनुमान गरिएको छ। लिउको भनाइको सन्दर्भमा टोली नेता देव गुरुङले भने नेपाल एक चीन नीति र पञ्चशीलको सिद्धान्तमा अडिग रहनुका साथै नेपालको भूमि प्रयोग गरी चीन लक्षित कुनै पनि विरोधी क्रियाकलाप हुन नदिन दृढ रहेको भन्दै आश्वस्त पारेका थिए ।

विगत जनवरी महीनामा नै IDCPC का सहायकमन्त्री सुन हाइयान नेपाल भ्रमणमा रहँदा उनले नेपालका राजनैतिक दलका प्रमुख नेताहरूसँग गरेको बैठकमा केही देशले नेपाल र चीनबीच विकास लक्षित सहयोगलाई बिगारेर नेपाल-चीन सम्बन्धलाई सुमधुर हुन दिन नचाहेको बताएका थिए र उनको यस भनाइले कूटनैतिक क्षेत्रमा राम्रै विवाद निम्त्याएको थियो । त्यसैगरी चिनियाँ राष्ट्रपति नेपाल भ्रमणमा आउँदासमेत विरोधीहरूलाई धूलोपिठो बनाइदिने भनिदिएका थिए, त्यो विषय पनि त्यस बेला निकै चर्चामा रहेको थियो।

नेपाल-चीन सम्बन्धमा चीन प्रस्टरूपमा के चाहन्छ भने नेपाल पूर्णरूपले चीनको पक्षमा काम गरोस्। यो कुरा लिउकै भनाइबाट पनि प्रस्ट हुन्छ । उनले भ्रमण दलसँग भएको बैठकमैं नेपालले बिआरआई आयोजनाहरूको सूची प्रस्तुत गरेकोमा अप्रसन्नता व्यक्त गरे। तर यस टोलीको भ्रमणभन्दा पूर्व उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्रीको भ्रमणको क्रममा परियोजना कार्यान्वयनका लागि नेपालको अनुदान वा लामो भुक्तानी समय भएको न्यून ब्याजदरको ऋण मात्र लिन सक्ने भनाइप्रति सरकारीस्तरमा कुनै प्रतिक्रिया नआए पनि सामाजिक सञ्जालबाट नेपालको यो प्रस्ताव अमेरिकी अनुदान, एमसिसीको अत्तो थापेर चीनसँग मोलाइ गर्न खोजेको भन्दै प्रस्तावलाई अव्यावहारिक एवं स्वीकार गर्न नसकिने प्रतिक्रिया व्यक्त गरेका थिए । राम्रो मित्र वा असल छिमेकीको यस प्रस्तावको सरकारीस्तरमा ठोस जवाफ नदिनु र नेपालले आफ्नै कमजोरी भए पनि हार गुहार गरेको पोखरा विमानस्थलको ऋण मिनाहा वा सहुलियततर्फ कुनै कदम नचाल्नुका साथै विमानस्थल निर्माण हुँदादेखि नै चिनियाँ पर्यटकहरूको चार्टर उडान सञ्चालन गर्ने सहमति कार्यान्वयन नहुनुलाई के राम्रो मित्रताको निशानी मान्न सकिन्छ ?

भ्रमण दलले यी सबै कुराका साथै परराष्ट्र मन्त्रालयबाट पठाइएको सीमा विवादसम्बन्धी पत्रबारे कुनै चर्चा गर्न नसक्नुले अन्तर्राष्ट्रिय जगत्मा हाम्रो स्वतन्त्र राष्ट्रकै हैसियतमा प्रश्न उठ्ने बेला भइसकेको छ। कालापानी, लिपुलेक र लिम्पियाधुरामा चीन किन नेपालको पक्षबाट बोल्दैन जब ऊ भारतको अङ्ग रहेको अरुणाचल प्रदेश नै आफ्नो भएको दाबी गर्दै, डोक्लाममा भारतसँग युद्ध गरेर पनि भारतको बजार उपयोग गरिरहेको छ । चीन र अमेरिकाबीच कटुता छ तर पनि व्यापार जारी छ। नयाँ विश्वको नयाँ परिवेश वा विषयवस्तु नै नबुझेर हामी न भारतसँग, न चीनसँग नै खुलेर आफ्नो कुरा राख्न सक्छौं । यस्तो किन हुन्छ भन्दा हामी आन्तरिकरूपमा र आर्थिक रूपमा सबल हुन सकेका छैनौं। यो नभएसम्म जतिसुकै छिमेकी र मित्रराष्ट्र भने पनि बलमिच्याइ सहि नै राख्नुपर्छ ।

# नयाँ नौ दिन पुराना सौ दिन

उत्पादनमूलक, सेवामूलक, रोजगारमूलक र नाफामूलक थुप्रै कल कारखाना र उद्योगहरू सरकारी उदासिनताका कारण बन्द भएका छन्। कबाडमा परिणत भएका छन्। वीरगंजमैं वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना र जनकपुरधामको जनकपुर चुरोट कारखाना यसका जिताजागता प्रमाण हुन्। समय अनुसार नीति नियम नबनेकाले र सरकारले उपेक्षा गर्दै आएकाले उद्योगधन्दा बन्द गर्नुपर्ने स्थिति आइसक्यो भनेर स्थानीय उद्योगपति कराएकाकरायै छन् तर सरकार भने आँखा, मुख, कान बन्द गरेर बसेको छ। निजी क्षेत्रले त कतिपय ऐन नियमलाई काला कानूनको संज्ञासमेत दिएका छन्। कतिपय निजी कलकारखाना र उद्योगधन्दाहरू राजनीतिक भर्ती केन्द्रमा परिणत भएर मर्नु न बाँच्नुको दोसाँधमा घिटीघिटी भइसकेका छन्। अलिअलि सुधार गरेर चलनचल्तीमा आउन सक्ने उद्योगहरूलाई समेत सरकारले थिलथिलो पारेर अधमरा बनाउन खोजेको देखिन्छ । उद्योगधन्दा चलायमान हुन नसक्दा युवा शक्ति विदेश पलायन भइरहेको छ। दक्ष र अदक्ष दुवैखाले जनशक्ति मरुभूमिको तातोमा रोजगार खोज्दै भौंतारिइरहेका छन्। सङ्क्षेपमा भन्ने हो भने उद्योगी र जनशक्ति-श्रमशक्ति सबैका हालत 'ये जीना भी क्या जीना है लल्लु' जस्तै बनाइएको छ। अपराधीसरह बनाइएका सरकारी नीति नियमले गर्दा स्थानीय उद्योग व्यापारीहरू अब धान्न र टिक्न असमर्थ छौं भन्न थालेका छन्। कुनै बेला सरकारलाई तँ डाल-डाल, मैं पात पात भन्ने व्यापारीहरू अहिले हाय बाप-माई बाप गर्दैछन्। बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्काको पनि बाँकी राख्दैन भनेझैं सरकारले आफ्नो मातहतका सरकारी कलकारखाना, उद्योगधन्दा धराशायी गराएपछि अब निजीलाई समेत भद्रगोल बनाउँदैछ। आफै राँड देशै भाँड ।

**मन्तव्य**



**कुमार रुपाखेती**

**युवा श्रमशक्ति विदेशमा, स्वदेशी उद्योगी निराश अनि नाजुक नेपाली अर्थतन्त्रबारे हामीभन्दा बढी भित्री चासो राख्ने विदेशीहरूले कसरी नेपालमा लगानी गर्न पाउ-कष्ट गर्लान् । नेपालको अति अस्थिर छेपारे पाराको सरकारबारे पनि त सरोकारवाला विदेशी पूर्ण जानकार नै छन् ।**

स्थानीय रैथाने स्वदेशीको अगाडि विदेशी पूँजी त नयाँ नौ दिन पुराना सौ दिन जस्तो होइन र ? तर पनि सरकारले तेस्रो लगानी सम्मेलन काठमाडौंमा भव्यताका साथ सम्पन्न गऱ्यो । युवा श्रमशक्ति विदेशमा, स्वदेशी उद्योगी निराश अनि नाजुक नेपाली अर्थतन्त्रबारे हामीभन्दा बढी भित्री चासो राख्ने र जानकार विदेशीहरूले कसरी नेपालमा लगानी गर्न पाउकष्ट गर्लान्। नेपालको अति अस्थिर छेपारे पाराको सरकारबारे पनि त सरोकारवाला विदेशी पूर्ण जानकार नै छन् । अनि मरणासन्न हालतमा पुगेको स्वदेशी उत्पादन र उद्योगलाई प्रत्यक्ष असर गर्ने लगानीको अर्थ नै के होला ? नेपालले त विदेशीलाई यहाँ लगानीको वातावरण छ भनेर विश्वासमा लिन सकेको पनि छैन। के कोही आफ्नो अन्तर्राष्ट्रिय ख्याति र मोटो पूँजी बालुवामा पानी हालेझैं छर्न राजी होला र ? लगानीका अप्ठेरो ऐन कानूनलाई अध्यादेशमार्फत भए पनि संशोधन गरेर मार्ग प्रशस्त गर्न स्वदेशी व्यापारीहरू घाँटी सुकाउँदै कराएको करायै छन्। सरकारको कानमा बतास लागेको छैन। लगानीमैत्री वातावरणको सन्देश जब स्वदेशीले पाएका छैनन् भने विदेशी लगानीकर्ताको के कुरा ? नेपाल भित्रिने विदेशी लगानी अटोमेशन प्रणालीबाट भित्र्याउने चर्चा छ, जबकि अहिलेसम्म नेपालमा अटोमेशन प्रणालीको कानूनको अत्तोपत्तो नै छैन । त्यस्तै अङ्ग्रेजी भाषाको यो अटोमेशन सिस्टमको नेपाली रूपान्तर धेरैले बुझेको देखिंदैन ।

त्यस्तै पूर्वी नेपालबाट १६ ट्रक बङ्गलादेश पठाएको चियापत्ती भारतले मापदण्ड अनुसारको चेकजाँच भन्दै भारतमैं लावारिस बनाउँदै रोकेर राखेको छ । स्वदेशी चिया उद्यमीलाई तत्काल सहयोग गर्नुको सट्टा सरकार लाटोले केरा हेऱ्याजस्तै व्यवहार गर्दैछ। धन्य, हात लाग्यो शून्य भएपनि सरकारले कतारका अमीर थानीलाई भालेपोथी दुई थान हात्ती उपहार दिन भ्यायो। दुईवटा सम्झौता र ६ वटा समझदारी गर्न भ्यायो। अतिथि देवो भवः भन्ने नेपालीले कतारका अमीरको तहे दिलले स्वागत गरे । अमीरले पनि कतारको विकासमा नेपाली मजदूरले ५० डिग्रीको तापक्रममा सेवा गरेर गुण लगाएको भन्न भ्याए। ईश्वर अल्लाह तेरो नाम, सबको सन्मति दे भगवान् !

# धितोपत्र व्यवसायीको कमिशन घट्यो

काठमाडौं, १ जेठ/रासस

नेपाल धितोपत्र बोर्डले मङ्गलवारदेखि लागू हुनेगरी धितोपत्र व्यवसायीको सेवा शुल्क (कमिशन) घटाएको छ । अर्थ मन्त्रालयको स्वीकृतिपछि कमिशन घटाइएको बोर्डले जनाएको छ ।

"धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ४३ बमोजिम अनुसूची १४ मा रहेको धितोपत्र दलालीबापत लिन सक्ने सेवा शुल्क हेरफेरका लागि स्वीकृति प्रदान भई आएकामा उक्त हेरफेर २०८१ जेठ १ गतेदेखि लागू हुने निर्णय भएको छ," बोर्डले भनेको छ ।

यसअघि रु ५० हजारसम्मको कारोबारमा शून्य दशमलव ४० प्रतिशत सेवा शुल्क लिन पाउने व्यवस्था रहेकामा त्यसलाई घटाएर शून्य दशमलव ३६ प्रतिशत कायम गरिएको छ । त्यस्तै, रु ५० हजारदेखि रु पाँच करोडसम्मको कारोबारमा शून्य दशमलव ३७ प्रतिशत सेवा शुल्क रहेकामा त्यसलाई घटाएर शून्य दशमलव ३३ प्रतिशत कायम गरिएको छ।

बोर्डका अनुसार रु पाँच लाखदेखि रु २० लाखसम्मको कारोबारमा शून्य दशमलव ३४ प्रतिशत सेवा शुल्क लाग्दै आएकामा त्यसलाई शून्य दशमलव ३१ प्रतिशतमा झारिएको छ। रु २० लाखभन्दा माथि रु एक करोडसम्मको कारोबारमा शून्य दशमलव ३० प्रतिशत सेवा शुल्क लाग्दै आएकोमा त्यसलाई शून्य दशमलव २७ प्रतिशतमा झारिएको छ। त्यसैगरी, रु एक करोडभन्दा माथिको कारोबारमा शून्य दशमलव २७ प्रतिशत सेवा शुल्क लाग्दै आएकामा शून्य दशमलव २४ प्रतिशतमा झारिएको धितोपत्र बोर्डले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नीति तथा कार्यक्रमः आगामी दशक 'सूचना प्रविधि दशक'

काठमाडौं, १ जेठ/रासस

सरकारले सूचना प्रविधिलाई डिजिटल रुपान्तरणको आधारका रुपमा लिई सामाजिक–आर्थिक रुपान्तरण एवं समृद्धि हासिल गर्न आगामी दशकलाई 'सूचना प्रविधि दशक'को रुपमा अगाडि बढाउने भएको छ।




राष्ट्रपति रामचन्द्र पौडेलले मङ्गलवार आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसद्का संयुक्त बैठकमा प्रस्तुत गर्दै सूचना प्रविधि उद्योगलाई रोजगार र सेवा निर्यातको प्रमुख क्षेत्रको रुपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबका रुपमा विकास गरिने उल्लेख गरे।

काठमाडौं उपत्यका र प्रत्येक प्रदेशका उपयुक्त स्थानमा सूचना प्रविधि 'वर्कस्टेशन' सञ्चालन गरी कम्तीमा पाँच हजार रोजगार सिर्जना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सञ्चार तथा सूचना प्रविधि एवं प्रणालीको सुरक्षित र प्रभावकारी प्रयोगका लागि कानूनी र संस्थागत व्यवस्था गरिने तथा डिजिटल नेपाल 'फ्रेमवर्क'लाई परिमार्जन गर्ने सरकारको योजना छ। सूचना प्रविधिसम्बद्ध निकायको पुनर्संरचना गरी सेवाप्रवाहलाई प्रभावकारी बनाइने सरकारको लक्ष्य छ।

राष्ट्रपति पौडेलले सार्वजनिक सेवाको निर्बाध सञ्चालनका लागि सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित संवेदनशील पूर्वाधारको व्यवसाय निरन्तरता योजना कार्यान्वयन गरिने तथा राष्ट्रिय कृत्रिम बौद्धिकता रणनीति तयार गरी यसको प्रयोगसम्बन्धी सम्भाव्यता अध्ययन गरिने उल्लेख गरे।

"विद्युतीय सुशासन र व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानून तर्जुमा, विद्युतीय सुशासन ब्लुप्रिन्ट तथा रणनीति तर्जुमा गरी व्यवसायको कार्यप्रक्रिया पुनर्संरचना गरिनेछ," उनले भने, "विद्युतीय प्रणालीहरूबीच अन्तरआबद्धता कायम गर्न इन्टरनेट तथा डाटा एक्सचेन्ज प्लेटफर्म निर्माण गरिनेछ।" विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरू एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याइने सरकारको योजना छ।

ब्रोडब्यान्ड इन्टरनेट विस्तार गरी ब्रोडब्यान्ड सेवालाई गुणस्तरीय, सर्वसुलभ र सुरक्षित बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ। सबै स्थानीय तहका केन्द्र तथा वडा केन्द्रसम्म द्रुतगतिको इन्टरनेट सेवा उपलब्ध गराउन उच्च क्षमताको अप्टिकल फाइबर विस्तार गर्ने कार्यलाई तीव्रता दिइने तथा दुर्गम र विकट क्षेत्रमा भूउपग्रहमा आधारित इन्टरनेट सेवाको प्रारम्भ गरिने उल्लेख छ।

साइबर सुरक्षासम्बन्धी अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिवृद्धि कार्यलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरिने तथा डिजिटल साक्षरता विस्तार गरी महिला, अल्पसङ्ख्यक एवं पिछडिएका वर्ग, क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार गर्ने सरकारको योजना छ।

नेपालको आफ्नै भूउपग्रह स्थापना गर्ने कार्य अघि बढाउने तथा डाटा सेन्टरको निर्माण र सञ्चालनसम्बन्धी मापदण्ड तयार गरिनेछ नीति तथा कार्यक्रममा उल्लेख छ। सूचना प्रविधि राष्ट्रिय ज्ञानपार्क स्थापनाको प्रक्रिया अगाडि बढाइने सरकारको योजना छ।

सार्वजनिक निकायले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको मापदण्ड निर्धारण गरी सुरक्षित र भरपर्दो बनाइने, सार्वजनिक निकायमा प्रयोग भइरहेका हार्डवेयर, सफ्टवेयर, नेटवर्क, साइबर सुरक्षालगायतका सूचना प्रविधि प्रणालीहरूको प्राविधिक परीक्षण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सरकारले सार्वजनिक निकायमा प्रयोगमा आउने प्रणाली तथा सफ्टवेयर सरकारी क्षेत्रबाट निर्माण गर्ने तथा स्वदेशमा विकसित सफ्टवेयरलाई प्राथमिकता दिई उपयोग गर्ने नीति लिने भएको छ।

अत्याधुनिक, गुणस्तरीय र प्रतिस्पर्धी मुद्रणको व्यवस्था गरी अन्तःशुल्क स्टिकर, हुलाक टिकट, सवारी चालक अनुमतिपत्र, राहदानीजस्ता सुरक्षण मुद्रण स्वदेशमै हुने प्रबन्ध मिलाउने तथा हुलाक सेवालाई पुनर्संरचना गरी चुस्त, प्रभावकारी र सूचना प्रविधिमैत्री बनाउँदै विद्युतीय व्यापारसँग आबद्ध गर्ने सरकारको योजना छ।

"आमसञ्चार क्षेत्रको व्यावसायिक विकासका लागि नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ। सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित र व्यवस्थित तुल्याइनेछ। मिडिया साक्षरता अभियान सञ्चालन गरिनेछ। मातृभाषामा आधारित ग्रामीण पत्रकारिता प्रवर्द्धन गरिनेछ," उनले भने।

सबै प्रदेशमा सञ्चारग्राम निर्माण र सञ्चालन गर्ने नीति लिइनेछ। लुम्बिनी प्रदेशसँगको सहकार्यमा दाङमा कृष्णसेन सञ्चारग्राम स्थापनाको पूर्वतयारी कार्य शुरू गरिनेछ। टेलिभिजन तथा एफएम र इन्टरनेट सेवाप्रदायकलाई एकापसमा गाभिन, हक हस्तान्तरण गर्न तथा स्थानान्तरण हुन प्रोत्साहित गरिने नीति कार्यक्रममा उल्लेख छ।

**२०८२ सम्म सडक मानवमुक्त बनाइने**

सरकारले २०८२ सम्म नेपाललाई सडक मानवमुक्त बनाउने घोषणा गरेको छ।

सडक मानवको उद्धार, संरक्षण र पुनर्स्थापनामा संलग्न सङ्घसंस्थासँग समन्वय र सहकार्यमा सडक मानवमुक्त बनाइने उल्लेख छ।

साथै, ज्येष्ठ नागरिकको हेरचाहमा परिवार र समाजको भूमिकासम्बन्धी नीतिगत व्यवस्था गरिने, ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवामा प्राथमिकता दिनुका साथै सहुलियतको प्रबन्धको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधि उपलब्ध गराइने सरकारको नीति छ।



**मौदगल्य ऋषिको सालिकः** बागलुङ नगरपालिका–७ कालीमाटीमा मौदगल्य ऋषिको सम्झनामा पहरा खोपेर निर्माण गरिएको सालिक। स्थानीयको सक्रियतामा रु १५ लाख खर्चेर सालिक निर्माण गरिएको हो।
तस्बिरः खेमराज गौतम/रासस

# सर्वोच्च अदालतमा अनलाइनबाटै मुद्दा दर्ता गर्न सकिने

काठमाडौं, १ जेठ/रासस

सर्वोच्च अदालतमा मङ्गलवारदेखि अनलाइनमार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालितरूपमा पठाउने प्रणालीको शुभारम्भ भएको छ। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले आज उक्त सेवाको शुभारम्भ गर्दै अनलाइनबाट मुद्दा दर्ता गर्न पाउँदा दूरदराजका मानिसलाई सहज, सरल र सुविधा हुने विश्वास व्यक्त गरे।

सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले तयार गरेको अनलाइनबाट मुद्दा दर्ता प्रणालीको विस्तारै उच्च र जिल्ला अदालतमा पनि लागू गर्ने तयारी रहेको उल्लेख गर्दै प्रधानन्यायाधीश श्रेष्ठले यो उपलब्धिलाई सफल पार्नका लागि सबैलाई सहयोग गर्न आग्रह गरे।

"सूचना प्रविधिले हामीलाई पारदर्शी बनाउँछ, सर्वसाधारण र दूरदराजका मानिसलाई न्यायमा पहुँच पुऱ्याउन यो प्रविधिको प्रयोग गरिएको हो," उनले भने, "अनलाइनमा अब सबै रिट तथा मुद्दा दर्ता हुनेछ, यसलाई सफल पार्नुपर्छ।"

उक्त प्रणालीको प्रयोगबाट मुद्दा दर्ता गर्न भौतिकरूपमा अदालतमा उपस्थित हुनु नपर्ने, अदालतभन्दा टाढा रहेरसमेत फर्महरूमार्फत अदालतमा मुद्दा दर्ता गर्न सकिने, मुद्दा दर्ता गर्न अदालतमा उपस्थित




हुँदा लाग्ने समय तथा लागत न्यूनीकरण हुने अपेक्षा गरिएको छ।

साथै, प्रणाली प्रयोग गरी मुद्दा दर्ता गर्दा प्रणाली प्रयोग गरेबापत कुनै शुल्क भुक्तानी गर्नु नपर्ने, मुद्दा दर्तालगायतका काम क्रमशः कागजविहीन हुँदै जाने, डिजिटल मिसिल निर्माण भई अभिलेख व्यवस्थापनमा सहजता आउने अपेक्षा अदालतले गरेको छ।

उक्त प्रणाली लागू भएपछि अदालतमा भीडभाड कम हुने, अदालतमा सेवाग्राहीको भौतिक उपस्थिति न्यूनीकरण हुने अपेक्षा अदालतले गरेको छ। पेसीको सूचना स्वचालितरूपमा पठाउने प्रणाली कागजीरूपमा पेसीको सूचना पठाउँदा लाग्ने समय र जनशक्ति कटौती गर्न सहयोग पुग्ने, मितव्ययीरूपमा सेवा सञ्चालन गर्न सम्भव हुने अदालतले अपेक्षा गरेको छ।

त्यस्तै, पेसीको सूचना पठाएको, पाएकोलगायतका विवरण प्रणालीमै रहने तथा जुनसुकै बेला प्रणालीबाटै हेर्न सकिने अवस्था हुँदा पेसी व्यवस्थापनमा सहजता आउने, इजलासको समय बचत हुने र अभिलेख व्यवस्थापन सहज हुनेसमेत विश्वास गरिएको छ।

# पुनर्निर्माणका लागि रु ६३ अर्ब ५८ करोड लाग्ने

काठमाडौं, १ जेठ/रासस

विभिन्न समयमा गएका तीनवटा भूकम्पका कारण क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि रु ६३ अर्ब ५८ करोड लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको प्रारम्भिक क्षति मूल्याङ्कनमा झन्डै रु ५८ अर्बको क्षति भएको र त्यसको पुनर्निर्माणका लागि साढे ६३ अर्ब रुपैयाँभन्दा बढी लाग्ने अनुमान गरिएको हो।

प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख भरतमणि पाण्डेका अनुसार प्रारम्भिकरूपमा अध्ययन गरेर पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको जानकारी दिए।

विसं २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर छ दशमलव चार रेक्टर स्केलको भूकम्प गएको थियो। उक्त भूकम्पमा परेर १५४ जनाको मृत्यु भएको थियो भने ३६६ जना घाइते भएका थिए।

विसं २०८० असोज १६ गते बझाङमा पाँच दशमलव तीन रेक्टर स्केलको भूकम्प जाँदा एकजनाको मृत्यु र ३० जना घाइते भएका थिए। त्यसअघि २०७९ कात्तिक २२ मा डोटीमा छ दशमलव छ रेक्टरको भूकम्प जाँदा छजनाको मृत्यु र आठजना घाइते भएका थिए।

ती तीनैवटा भूकम्पबाट ९५ हजार ७८७ घर क्षति भएको विवरण छ। ती घरमा कुल रु ४३ अर्ब ३९ करोड क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। त्यसबाहेक २०४ वटा विद्यालय भवन, ७० सरकारी र सार्वजनिक भवन, ११ वटा सांस्कृतिक सम्पदा, झन्डै दुई सय किलोमिटर सडक र १२१ वटा सिंचाइ आयोजनामा क्षति पुगेको थियो। सबैभन्दा बढी मानवीय र भौतिक क्षति जाजरकोट भूकम्पले गराएको थियो। उक्त भूकम्पमा मात्रै ८६ हजार बढी घर क्षति भएको छ।

प्राधिकरणले गरेको प्रारम्भिक मूल्याङ्कनमा निजी आवास, सरकारी भवन, स्वास्थ्य, शिक्षा र तथा सांस्कृतिक भवनको पुनर्निर्माणका लागि रु ५२ अर्ब ४६ करोड, अन्य पूर्वाधार क्षेत्र पुनर्निर्माणका लागि रु सात अर्ब १८ करोड, उत्पादनशील क्षेत्रका लागि रु एक अर्ब ७३ करोड र अन्य गरेर कुल रु ६३ अर्ब ५८ करोड खर्च लाग्ने अनुमान गरिएको छ।

सोही आधारमा पुनर्निर्माणको आवश्यक प्रक्रिया अघि बढाउन थालिएको छ। जाजरकोट, बझाङ र डोटीलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण क्षति भएका निजी आवास, सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरूको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आकलनको अवधारणा स्वीकृत गरी बजेटका लागि अर्थ मन्त्रालयमा सहमति माग्ने निर्णय यसअघि नै भइसकेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले यसअघि गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत पनि गरिसकेकाले अब पुनर्निर्माणका काम अघि बढाइने जानकारी दिए।

यसपटक लाभग्राही कायम गरी 'क', 'ख' र 'ग'मा वर्गीकरण गरिने र आवास पुनर्निर्माणको काम अघि बढाइने उनले बताए।

कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ। क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने छ। क्षति आकलन पनि पहिलो प्राथमिकतामा स्थानीय तहलाई नै दिइएको छ। उसले नसकेमा स्थानीय तहलाई प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वय गर्नेछ।

स्थानीय तहबाट आएको विवरणका आधारमा विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्नेछ। त्यसपछि लाभग्राही र वडाध्यक्षबीच सम्झौता हुनेछ। सम्झौताको दुई वर्षभित्रमा पुनर्निर्माण सक्नेगरी कार्यविधि तयार पारिएको छ।

# १० महीनामा ६० प्रतिशत बजेट खर्च

काठमाडौं, १ जेठ/रासस

चालू आर्थिक वर्षको १० महीनामा सरकारको बजेट खर्च ६० प्रतिशत हाराहारी देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार वैशाख मसान्तसम्ममा वार्षिक विनियोजनको ६० दशमलव ३५ प्रतिशत अर्थात रु १० खर्ब ५६ अर्ब ८९ लाख २४ हजार बराबर खर्च भएको जनाएको छ। सरकारले चालू आर्थिक वर्षका लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो।

वैशाख मसान्तसम्ममा चालूगततर्फ वार्षिक विनियोजनको ६५ दशमलव ९१ प्रतिशत खर्च भएको छ। चालू शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर वार्षिक विनियोजन भएकोमा हालसम्म रु सात खर्ब ५२ अर्ब ५५ करोड ७३ लाख बराबर खर्च भएको छ।

पूँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर वार्षिक विनियोजन भएकोमा वैशाख मसान्तसम्म वार्षिक लक्ष्यको ३७ दशमलव ०४ प्रतिशत अर्थात् रु एक खर्ब ११ अर्ब ८८ करोड २९ हजार बराबर खर्च भएको छ। त्यसैगरी, वित्तीय व्यवस्था शीर्षकमा ६२ दशमलव छ प्रतिशत खर्च भएको छ। यो शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकामा वैशाख मसान्तसम्ममा रु एक खर्ब ९२ अर्ब ४५ लाख २२ हजार बराबर खर्च भएको हो।

सो अवधिको कुल सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ५८ दशमलव दुई प्रतिशत छ। चालू आवमा रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ बराबर राजस्व उठाउने लक्ष्य रहेकोमा वैशाख मसान्तसम्ममा रु आठ खर्ब ५७ अर्ब दुई करोड ८० लाख बराबर असुली भएको छ।

कर राजस्वतर्फ रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबरको वार्षिक लक्ष्य रहेकामा हालसम्म ५७ दशमलव २१ प्रतिशत अर्थात् रु सात खर्ब ४६ अर्ब ८३ करोड २८ लाख बराबर उठेको छ। त्यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर लक्ष्य रहेकामा ७२ दशमलव सात प्रतिशत अर्थात् रु ८५ अर्ब १० करोड चार लाख बराबर असुली भएको छ।

त्यस्तै, रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने सरकारी लक्ष्य रहेकामा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर अनुदान लिइएको छ।

# नेपाल–कोरिया सम्बन्ध सगरमाथाजस्तै उच्च होस्

विचार



पार्क थेयङ

> साथी बनाइँदैन, आफसेआफ बन्छ। साथी भनेको स्वार्थको सीमाभन्दा धेरै पर रहेको हुन्छ। असल साथीमा बार–बन्देज, स्तर र ओहोदा हुँदैन, केवल मित्रवत् मन हुन्छ, दुःख–सुख आपसमा साट्न सक्ने हार्दिकता हुन्छ। हार्दिकताले साथित्वको मुहान (जरुवा) फुटाउँछ।

५० वर्षअघि सन् १९७४ मे १५ तारिखमा गणतन्त्र कोरिया र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना हुँदै गर्दा कोरियाले आर्थिक विकासका खातिर पसिना बगाइरहेको अवस्था थियो। त्यति बेला हामीले भोगेका अनेकौं पीडादायी क्षणहरूभन्दा नेपालको अवस्था हाम्रोभन्दा सहज थियो भन्ने लाग्छ। कूटनीतिक सम्बन्ध स्थापित भएका हामी दूरीका हिसाबले चार हजार किलोमिटर टाढा रहेका छौं। आज हामी दुई देशबीचको मित्रता, जनस्तरको सम्बन्ध, सांस्कृतिक समन्वय, विकास साझेदारी कार्यक्रम, रोजगार समन्वय आदिले नयाँ उचाइ चुमेको छ। कूटनीतिक सम्बन्ध स्थापना भएका अन्य मुलुकहरूभन्दा नितान्त फरक किसिमको आत्मीयता, सम्मान, विकास साझेदारी कार्यक्रमले यत्तिको फड्को मार्ने सम्बन्धमा बहुसङ्ख्यकले कल्पना गरेका थिएनौं भन्ने लाग्छ।

कोरिया र नेपाल हवाई उडानका माध्यमबाट करीब सात घण्टाको दूरीमा रहेका छन्, तथापि एशियाली मुलुक गणतन्त्र कोरिया र नेपालबीच सामाजिक एवं सांस्कृतिक, धार्मिक मूल्य–मान्यता, भोजन आदि धेरै पक्षमा समानता पाइन्छ। नेपालको लुम्बिनीमा जन्मनुभएका गौतमबुद्धबाट सुरुआत भएको बौद्ध संस्कृति, परिवारलाई महत्त्व दिने संस्कार तथा ठूलालाई सम्मान गर्ने संस्कार आदि हामी दुई देशबीचमा समानता रहेका छन्। त्यसैगरी, खानामा चामलको प्रयोग, मःम, गुन्द्रुकलगायतका परिकारमा पनि समानता रहेका छन्। नेपालमा मैले भेट्ने नेपालीहरू र मेरो अनुहार पनि मिल्दोजुल्दो पाउँछु। दुई देशबीच परापूर्वदेखि नै समान रहेका संस्कार, संस्कृति, आचरण, भोजन, अनुहार आदि पक्षहरू निकै सुन्दर पक्षहरू हुन् भन्ने लाग्छ। दुई देशबीचमा कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको छ। विगत ५० वर्षको मित्रतालाई मूल्याङ्कन गर्दै आगामी ५० वर्षका लागि विकास साझेदारी कार्यक्रमलाई कसरी अगाडि बढाउने भन्नेबारेमा दिशा निर्धारण गर्ने गोरेटो तय गर्ने चरणमा आइपुगेका छौं। दुई देशको सम्बन्धलाई 'तीन पी' पिश (शान्ति), पिपुल (जनता) र प्रोस्पेरिटी (समृद्धि)का रूपमा हेर्न सकिन्छ।

**शान्ति (पिश)**

कोरिया र नेपालले क्षेत्रीय मामिलामा पनि दुई देशबीचको सहकार्यले निरन्तरता पाएको छ। हामीले आफ्नो स्वार्थमा मात्र ध्यान केन्द्रित नगरी बहुपक्षीय हितका लागि साझा मञ्चको उपयोग गर्दै आएका छौं। हामी दुवै मुलुकले मैत्रीपूर्ण तथा शान्तिप्रिय सम्बन्ध स्थापित गरेका छौं। संयुक्त राष्ट्रसङ्घजस्ता बहुपक्षीय क्षेत्रहरूमा सहभागिता जनाउँदा हामी विश्वभर शान्ति र स्थायित्व प्रवर्द्धन गर्न एउटै स्थानमा रहेर आफ्नो समान धारणा सार्वजनिक गरिरहेका छौं।

कोरियाली युद्धको समयमा हामीले भोगेका अनुभव जस्तै आधुनिक इतिहासमा नेपालले भोगेको समान अनुभव तथा शान्ति प्रक्रियाको व्यवस्थापनसम्बन्धी महत्त्व राम्रोसँग बुझ्ने देशहरूमध्ये नेपाल एक हो। दुई देशबीचको कूटनीतिक सम्बन्धमा कुनै पनि राजनीतिक मुद्दा उठेका छैनन् र हामीले एकअर्कालाई बुझेका छौं र राम्रो सहयोगी सम्बन्ध राखेका छौं र भविष्यमा पनि यसले निरन्तरता पाउनेछ।

**जनता (पिपुल)**

कूटनीतिक सम्बन्धमा जनस्तरको सम्बन्ध तथा सहकार्य निकै महत्त्वपूर्ण सम्पत्तिको रूपमा लिइन्छ। कोरिया र नेपालबीच सक्रियरूपमा विकसित जनस्तरको सम्बन्धले दुई देशबीचको मैत्रीपूर्ण समन्वयले महत्त्वपूर्ण स्थान लिएको छ। सन् २००८ देखि नेपाली युवाले रोजगारका लागि सबैभन्दा बढी रुचाएको देशमा कोरियाले स्थान लिएको छ। कोरियाको इतिहास फर्किएर हेर्दा देश विकास र उत्पादन वृद्धि प्रक्रियामा वैदेशिक रोजगारले उल्लेख्य भूमिका निभाएको थियो। विगतमा हाम्रो देशबाट जर्मनी र मध्यपूर्वी देशहरूमा धेरै कामदारले पसिना बगाएका थिए। नेपालको हालको अवस्थासँग मिल्दोजुल्दो छ। हाल नेपालबाट रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत सरकारी पक्षबाट श्रम सहकार्य गरी नेपाली कामदारलाई न्यून शुल्कमा सरल तथा निष्पक्षरूपमा रोजगारको अवसर प्रदान गरेका छौं। सन् २००८ पश्चात् हालसम्म एक लाखभन्दा बढी नेपाली युवालाई कोरियामा रोजगारको अवसर प्रदान गरिएको छ र हाल ४४ हजारभन्दा बढी व्यक्ति कोरियामा कार्यरत छन्।

इपिएसमार्फत कोरियामा कार्यरत नेपालीलाई स्वदेशी कामदार सरह समान न्यूनतम पारिश्रमिक, स्वास्थ्य बीमा, औद्योगिक दुर्घटना बीमा तथा कोरियाली सरह श्रम अधिकारको संरक्षण प्रदान गरिएको छ। नेपालको श्रम शक्तिले कोरियाली अर्थतन्त्रमा गरेको योगदानका लागि हामी सदा आभारी छौं। इपिएस कार्यान्वयनमा दुई देशका सरकारी पक्ष संलग्न भएकाले कामदारको अन्तिम छनोट प्रक्रियामा रोजगारदाताको मुख्य भूमिका हुन्छ। कोरियाली रोजगारदाताले १६ इपिएस साझेदार देशका कामदारमध्ये नेपाली कामदारलाई सबैभन्दा बढी रुचाउँछन्। त्यसको फलस्वरूप गत वर्ष कोरियामा करीब २० हजार नेपाली कामदारले काम गर्ने अवसर पाएका थिए। यो सङ्ख्या भनेको कामदार भित्र्याउने १६ देशमध्ये सबैभन्दा बढी हो। नेपालीहरू इमानदार, मेहनेती तथा अनुशासित छन् भन्नेबारेमा कोरियाली रोजगारदाता र समाजमा विश्वास छ। हाम्रो दूतावासले इपिएस प्रणालीमार्फत निरन्तर नेपालीलाई कामको अवसर उपलब्ध गराउन नेपाल सरकारसँग सहकार्य गर्दै आएको छ।

कोरियाबाट धेरै पर्यटक नेपाल आउने गरेका छन्। कोरियाली पर्यटकले नेपालको सुन्दर हिमाल तथा सानदार सांस्कृतिक सम्पदाको आनन्द लिने गरेका छन्। कोरियामा पनि नेपालमा जस्तै धेरै पहाड छन्, कोरियाको ६३ प्रतिशत भाग वन क्षेत्रले ओगटेको छ। कोरियालीहरू पहाड मन पराउँछन्, र पैदल यात्रा सबैभन्दा लोकप्रिय मनोरञ्जन गतिविधि हो। कोरियाली पर्वतारोहीहरूका लागि आफ्नो जीवनमा एकपटक भने पनि हिमालय आरोहण गर्ने सपना रहेको हुन्छ। गत वर्ष २४ हजार हाराहारी कोरियालीले नेपालमा यो सपना पूरा गरेका थिए। कोरियामा एक करोड ८० लाख पर्वतारोही छन्, जसले हिमालय आरोहणलाई 'बकेट लिस्ट' वस्तु मान्छन्। हामी निकट भविष्यमा कोरोना महामारी हुनुभन्दा अगाडि झन्डै ४० हजार कोरियाली पर्यटकले नेपाल भ्रमण गरेको सङ्ख्या हाराहारीमा उक्त सङ्ख्या पुग्नेछ भन्ने लाग्छ। नेपालमा प्राकृतिक सौन्दर्यको आनन्द लिने कोरियालीहरू नेपाल र नेपाली संस्कृतिप्रति माया र सद्भाव राख्ने शक्ति बनेका छन्। प्रख्यात कोरियाली पर्वतारोही क्याप्टेन अम होङ गिलले नेपालमा सहयोग गर्नका लागि संस्था स्थापना गरी कमजोर शैक्षिक अवस्था भएका दुर्गम क्षेत्रमा १९ वटा विद्यालय निर्माण गरिसकेका छन्। अर्को शब्दमा भन्नुपर्दा, कोरिया र नेपालले सक्रिय द्विपक्षीय जनस्तरको आदानप्रदानबाट पारस्परिक सकारात्मक चेतनाको विकास गरेका छन् र निजीस्तरमा पनि सहयोग विस्तार गर्दै आएका छन्।

नेपालका काठमाडौं, ललितपुर, पोखरालगायतका महानगरपालिकाले कोरियाका विभिन्न शहरसँग भगिनी सम्बन्ध स्थापना गरेका छन्। दुई देशका स्थानीय सरकार, महानगरपालिका तथा नगरपालिकाबीचको समन्वयले शहरी पूर्वाधार, निर्माण, कृषि, पर्यटनको विकासमा सहयोग पुग्नेछ भन्ने लागेको छ। कोरिया नेपालको असल मित्रराष्ट्र मात्र नभएर विकास साझेदार देश पनि भएकोले त्यहाँबाट सिक्ने ज्ञान तथा सीप अन्ततः नेपालको समग्र विकासका लागि सुनौला उपहार हुनेछन्। आगामी दिनमा दुवै देशमा उच्चस्तरको राजनीतिक भ्रमण, सरकारी नेतृत्वबीच निरन्तर सम्पर्क तथा संवाद हुन त्यत्तिकै आवश्यक देखिन्छ।

**समृद्धि (प्रोस्पेरिटी)**

कोरिया र नेपालबीचको आर्थिक समृद्धि र विकाससम्बन्धी सहकार्य पनि निरन्तर विस्तार हुँदै गएको छ। कोरिया सरकारले नेपाललाई विगत १५ वर्षदेखि प्रमुख विकास साझेदार देशको रूपमा निर्धारण गरेर स्वास्थ्य, शिक्षा, कृषि जस्ता क्षेत्रमा विकास सहयोग परियोजनालाई प्रवर्द्धन गर्दै आएको छ। कोरिया सरकारले कोइकामार्फत सन् १९९१ देखि सन् २०२३ को अन्त्यसम्म नेपालका विभिन्न परियोजनाका लागि कुल २० करोड अमेरिकी डलर बराबरको सहायता उपलब्ध गराइसकेको छ। कोरिया सरकारले नेपालको आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कुल सहयोग रकममध्ये ३२ प्रतिशत, कृषि क्षेत्रमा १९ प्रतिशत, सञ्चार (आइटी) क्षेत्रमा १७ प्रतिशत, सार्वजनिक प्रशासन सुधार क्षेत्रमा १३ प्रतिशत तथा शिक्षा क्षेत्रमा १० प्रतिशत रकम विनियोजन गरेर साझेदारी कार्यक्रम अगाडि बढाएको छ। त्यसैगरी, सन् १९९१ बाट सन् २०२३ सम्म नेपाल सरकारका विभिन्न तहका दुई हजार २११ जना कर्मचारीलाई क्षणिक तथा विश्वविद्यालयमा अध्ययन गर्ने अवसर प्रदान गरेका छौं। क्षणिक भ्रमणका क्रममा कर्मचारीको व्यवस्थापकीय कुशलताका लागि ध्यान केन्द्रित गरेका छौं। सोही अवधिमा कोरियाबाट स्वयंसेवकका रूपमा जम्मा तीन हजार २३६ जना स्वयंसेवकले नेपालको आवश्यकता अनुसार विभिन्न क्षेत्रमा सहयोगी भूमिका खेलिसकेका छन्।

कोरियाले छोटो समयमा गरेको द्रुत विकासको अनुभव साट्नका लागि तथा विकासको क्रममा हामीले भोगेका कठिनाइहरू नेपालले भोग्नु नपरोस् भन्ने उद्देश्यले नेपाल सरकारसँग हातेमालो गरिरहेका छौं। हाल कोरिया सरकारमार्फत नेपालमा ४८ वटा परियोजना सञ्चालनमा रहेका छन्। त्यसैगरी, पाँच वर्षको अवधिभित्र केही सम्पन्न भएका र केही सञ्चालनमा रहेका परियोजनाको सङ्ख्या ११४ वटा रहेका छन्। हाम्रो उद्देश्य नेपालको समृद्धिका लागि आवश्यक आधार तय होस् भन्ने रहेको छ। हामी निकट भविष्यमा समृद्ध नेपाल हेर्न आतुर छौं र त्यो सम्भव छ भन्ने हाम्रो बुझाइ रहेको छ। कोरियामा काम गरेर नेपाल फर्केका व्यक्तिले नेपालको समृद्धिमा योगदान गर्न सक्ने वातावरण निर्माणका खातिर प्रयत्नरत छौं। यसै अन्तर्गत कोरिया फिर्ती अनुभवी व्यक्तिहरूलाई उद्यमशील तालीम प्रदान गरेर नेपालमा नै व्यवसाय सञ्चालन गर्न पुनर्एकीकरण कार्यक्रम सञ्चालनमा ल्याएका छौं।

त्यसैगरी, दुई देशबीच आर्थिक गतिविधि पनि सक्रियरूपमा अगाडि बढेको छ। कोरियाली कम्पनीले नेपालको विभिन्न क्षेत्रमा लगानीको सम्भावनालाई नियालिरहेका छन्। नेपाल सरकारको योजनामा रहेको नेपालको उत्पादनलाई महत्त्व दिंदै (मेड इन नेपाल) लेखिएका सामान उत्पादनले स्थान पाएको छ। विभिन्न कोरियाली कम्पनीले नेपालमा नै उत्पादन सुरुआत गरिसकेका छन्। नेपालमा रोजगार सिर्जना गर्न तथा वैदेशिक लगानीका उत्कृष्ट उदाहरणका रूपमा उदाएका छन्, जसले अन्य मुलुकका लगानीकर्ताको पनि नेपालमा ध्यान केन्द्रित गर्छ भन्ने लागेको छ। कोरियाको विश्व प्रसिद्ध कम्पनीले नेपालमा लगानी थालनी गरिसकेको छ। गत वर्ष अप्रिलदेखि कोरियाली ग्लोबल कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले नेपाली कम्पनीसँगको संयुक्त लगानीमा नवलपरासी जिल्लामा अत्याधुनिक टिभी एसेम्बल प्लान्टमार्फत आधुनिक टिभीको व्यावसायिक उत्पादन गरिरहेको छ।

यसैगरी, हुन्डाई मोटर कम्पनीले पनि नेपालको स्थानीय कम्पनीसँगको साझेदारीमा यही मे १० तारिखदेखि नवलपरासी जिल्लामा अटोमोबाइल एसेम्बल प्लान्ट स्थापना गरी व्यावसायिकरूपमा गाडी उत्पादन शुरू गरेको छ। नेपालमा जलविद्युत् उत्पादनको क्षेत्रमा कोरियाको साउथ–इस्ट पावर कम्पनीले विश्वव्यापी वित्तीय संस्थालगायतको संयुक्त लगानीमा ६५० मिलियन अमेरिकी डलरको स्रोत जुटाएर रसुवा जिल्लामा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली एक जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। सन् २०२७ मा आयोजना सम्पन्न भएर विद्युत् उत्पादनको लक्ष्य रहेको छ। जलविद्युत् क्षेत्रमा कोरियाली कम्पनीको लगानी रहेको यो तेस्रो आयोजना हुनेछ। नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने देशमध्ये कोरिया शीर्ष पाँच स्थानमा रहेको छ। यही वर्ष अप्रिल २८ र २९ मा भएको तेस्रो लगानी सम्मेलनमार्फत कोरियाली लगानीकर्तालाई नेपालको लगानी सम्भावना, लगानीयोग्य परियोजनाका बारेमा प्रभावकारीरूपमा प्रस्तुत गरिएको थियो र नेपालमा थप कोरियाली लगानीले स्थान पाउनेछ भन्ने मेरो बुझाइ रहेको छ।

**सदाबहार साथी**

साथी बनाइँदैन, आफसेआफ बन्छ। साथी भनेको स्वार्थको सीमाभन्दा धेरै पर रहेको हुन्छ। असल साथीमा बार–बन्देज, स्तर र ओहोदा हुँदैन, केवल मित्रवत् मन हुन्छ, दुःख–सुख आपसमा साट्न सक्ने हार्दिकता हुन्छ। हार्दिकताले साथित्वको मुहान (जरुवा) फुटाउँछ। त्यसैले साथी पाउनु, साथी बन्नु अनुपम आनन्द पाउनु हो, अलौकिक शक्ति भेट्टाउनु हो। गणतन्त्र कोरियाले असल साथीको रूपमा नेपाललाई लिएको छ। साथी स्वर्गीय हुन्छ, प्रत्येक साथी अलौकिक हुन्छ।

मलाई एउटा कोरियाली उखान सम्झना आउँछ, यदि तपाईंसँग असल साथी छन् भने लामो बाटोको यात्रा पनि नजीक हुनेछ। विगत ५० वर्षदेखिको दुई देशबीचको मित्रता आगामी ५० वर्षको लागि पनि साझेदारीको महत्त्वपूर्ण आधार हो भन्ने लाग्छ। माथि उल्लेख गरिएको 'तीन पी'को अवधारणा तथा समन्वय आगामी वर्षमा थप विस्तार हुने कुरामा म विश्वस्त छु। व्यक्तिगतरूपमा म तेस्रो 'पी' अर्थात् प्रोस्पेरिटी (समृद्धि)को थप विस्तारका लागि ठूलो स्थान रहेको छ भन्ने लाग्छ। नेपालको असल मित्र कोरियासँग रहेको आर्थिक समृद्धिको अनुभव नेपालसँग साट्नका लागि हामी तत्पर छौं। कोरिया र नेपाल मिलेर सँगै गर्नुपर्ने लामो यात्रा बाँकी छ। नेपालको विकास र समृद्धिको प्रक्रियामा कोरिया सधैंभरि भरपर्दो र विश्वसनीय सहयोगी हुनेछ। ५०औं वार्षिकोत्सवको स्वर्ण जयन्तीमा नाराको रूपमा 'एभरेस्टिङ फ्रेन्डशिप' राखिएको छ। हाम्रो सम्बन्ध सगरमाथा जत्तिकै उच्च रहोस् भन्ने कामना गर्छु। हामी साथै जाऊँ। (नेपालका लागि गणतन्त्र कोरियाली राजदूत पार्क थेयङसँग गरिएको कुराकानीमा आधारित। रासस)

## फरक समाचार

# स्लिप डिभोर्स के हो ?

तपाईंले सम्बन्धविच्छेदबारे धेरैपटक सुन्नुभएको होला, तर के तपाईंले 'स्लीप डिभोर्स'बारे सुन्नुभएको छ। यो चलन विश्वका धेरै देशमा चल्न थालेको



छ। आउँदा दिनमा यो यहाँ पनि लोकप्रिय हुने सम्भावना छ।

**के हो स्लीप डिभोर्स**: 'स्लीप डिभोर्स' भनेको जोडी ब्रेकअप वा डिभोर्सको प्रक्रियाबाट गुज्रँदैन तर एउटै घरमा बस्दा छुट्टै सुत्छन्। यसको मतलब यो होइन कि तिनीहरू झगडाको कारण ओछ्यान परिवर्तन गर्छन्। राति शान्तिपूर्वक सुत्न र एकअर्कालाई बाधा नपरोस् भनेर यसरी सुत्ने गर्छन्।

धेरैपटक महिला र पुरुषको काम गर्ने समय फरक हुँदा यस्तो अवस्था आउँछ। उदाहरणको लागि पत्नी दिउँसो काम गर्छे भने पति रातिको सिफ्टमा काम गर्छ। यस्तो अवस्थामा दुवैले एकअर्कालाई सप्ताहन्तमा मात्र गुणस्तरीय समय दिन सक्छन्। यस्तो अवस्थामा दुवै आराम गर्न साताको पाँच दिन छुट्टाछुट्टै ओछ्यानमा सुत्छन्।

'स्लीप डिभोर्स' नाम सुनेर कुनै दम्पतीले डराउनुपर्ने आवश्यकता छैन, किनभने यस अवधिमा उनीहरू भावनात्मकरूपमा अलग हुँदैनन् तर आरामको आवश्यकता पूरा गर्न हप्तामा केही दिन शारीरिकरूपमा अलग हुन्छन्। तर आवश्यक परेमा वा समय मिल्दा सँगै सुत्न पनि सक्छन्।


**स्लिप डिभोर्सको फाइदा**: कसैले स्लिप डिभोर्सलाई राम्रो मान्दैनन् तर विज्ञहरूका अनुसार यसका धेरै फाइदा छन्। जस्तैः छुट्टै सुत्दा पूर्ण निद्रा लिन मदत पुग्छ, जुन समग्र स्वास्थ्यको लागि महत्त्वपूर्ण हुन्छ। निद्रामा कठिनाइ भएमा मानिस चिडचिडा हुन्छ।

यसमा कुनै शङ्का छैन कि जोडी भावनात्मक र शारीरिकरूपमा संलग्न हुनुपर्छ तर राम्रो सम्बन्धको लागि व्यक्तिगत ठाउँ पनि आवश्यक छ। कहिलेकाहीं एक्लै सुत्दा उनीहरूलाई आरामको अनुभूति हुन्छ।

हरेक व्यक्तिको सुत्ने दिनचर्या एउटै हुँदैन, त्यसैले कहिलेकाहीं सँगै सुत्दा दुवै व्यक्तिको निद्राचक्रमा बाधा पुग्न सक्छ। यस्तो अवस्थामा छुट्टै सुत्नु फाइदाजनक साबित हुन सक्छ।

# रोग अनुसार कसरी सुत्ने

सामान्यतया हामी आरामदायी मुद्रामा सुत्न रुचाउँछौं तर के तपाईंलाई थाहा छ सुत्ने मुद्राले हाम्रो स्वास्थ्यमा गहिरो प्रभाव पार्छ ? यस लेखमा हामी चार्टर्ड फिजियोथेरापिस्ट सैमी मार्गी अनुसार विभिन्न सुत्ने पोजिशन, तिनीहरूको



फाइदा/बेफाइदा र राम्रो निद्राका लागि केही सुझावबारे छलफल गर्नेछौं।

यस जानकारीले तपाईंलाई सुत्ने मुद्रा बुझ्न र तपाईंको स्वास्थ्य अवस्थाको लागि सबैभन्दा उपयुक्त विधि छनोट गर्न मदत मिल्छ। जसले तपाईं राति राम्ररी सुतेर बिहान थप ऊर्जावान् महसूस गर्न सक्नुहुन्छ।

**बायाँ कोल्टो परेर सुत्ने**: गर्भवती महिला र छाती जलन, गेस्ट्रोओसोफेगल रिफ्लक्स वा आन्द्रा रोगहरूबाट पीडितहरूको लागि यो उत्तम मुद्रा हो।

**दायाँ कोल्टो परेर सुत्दा**: दाहिनेतिर कोल्टे परेर सुत्दा मुटुमा दबाब कम हुन्छ, त्यस कारण मुटुरोगीले दाहिने कोल्टे परेर सुत्नुपर्छ।

**उत्तानो सुत्दा** : यो मुद्रा स्लीप एपनियाको कारण बन्न सक्छ, जसमा सास फेर्न बाधा हुन्छ। यसरी सुत्दा मधुमेह र मोटोपनजस्ता गम्भीर रोगहरूको जोखिम बढ्छ।

**घोप्टो सुत्दा** : यस पोजिशनमा सुत्दा घाँटी र ढाड दुख्ने, मेरुदण्ड निहुरिने र अनुहारमा चाउरी पर्न सक्छ।

**राम्रो निद्राको लागि सुझाव**: आफ्नो स्वास्थ्य अवस्था अनुसार उपयुक्त मुद्रा छनोट गर्नुपर्छ। घोप्टो सुत्नेले घाँटीमुनि सिरानी राख्नुहुँदैन भने उत्तानो सुत्नेले घुँडामुनि सिरानी राख्नुपर्छ। ओछ्यान आरामदायक र सहयोगी हुनुपर्छ। एकै समयमा सुत्ने र उठ्ने प्रयास गर्नुपर्छ। सुत्नु अघि तनाव कम गर्ने गतिविधिहरू गर्नुपर्छ। जस्तै तातो पानीले नुहाउने, किताब पढ्ने, सुत्नु अघि अल्कोहल र क्याफिनको सेवन गर्नुहुँदैन। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## गर्मीमा काँक्रो किन खाने ?



## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनमा आक्रमण बढ्दा ५,७०० लाई सुरक्षित स्थानमा सारियो



युक्रेनमा युद्ध बढ्दै जाँदा भोभचान्स्क र वरपरका क्षेत्रहरूबाट सुरक्षित स्थलतर्फ जाँदै स्थानीय । तस्वीरः रायटर्स

खार्किभ (रूस), १ जेठ/एएनआई

युक्रेनमा तनाव बढ्दै जाँदा रूसले खार्किभ क्षेत्रमा आफ्नो स्थल आक्रमण विस्तार गरेको छ। मोर्चालाई फराकिलो बनाउने र युक्रेनको रक्षा फौजलाई दबाब दिने प्रयासमा नयाँ क्षेत्रहरूलाई लक्षित गरी रूसले आक्रमण गरेको अल जजीराले यस क्षेत्रका गभर्नरलाई उद्धृत गर्दै बताएको छ ।

गभर्नर ओलेह सिनिहुबोभले सोमवार टेलिभिजनमा भने, "दुश्मनले जानाजानी यसलाई विस्तार गर्ने उद्देश्यले सानो समूहमा नयाँ दिशामा आक्रमण गर्ने प्रयास गरिरहेको छ ।"

परिस्थितिको गम्भीरतालाई वर्णन गर्दै उनले लगभग पाँच हजार सात सय व्यक्तिलाई भोभचान्स्क र वरपरका क्षेत्रहरूबाट निकालिएको तथा बाँकी तीन सयलाई तुरुन्तै निस्कन आग्रह गरिएको बताए ।

रूसी सेनाले शुक्रवार खार्किभ शहरनजीकै युक्रेनको सीमा उल्लङ्घन शुरू गरेपछि घूसपैठ शुरू भयो । रूसी सेनाले दुई वर्षदेखि मुख्यरूपमा पूर्व र दक्षिणमा फैलिएको अर्को द्वन्द्वमा उत्तरपूर्वी मोर्चा स्थापना गऱ्यो । अल जजीराका अनुसार यो रणनीतिक कदमले सम्भावितरूपमा युक्रेनी सेनालाई रूस अघि बढिरहेको पूर्वी क्षेत्रहरूबाट हटाउन सक्छ ।

बढ्दो सङ्कटको प्रतिक्रियामा युक्रेनले ब्रिगेडियर जनरल मिखाइलो द्रापातीलाई खार्किभ मोर्चामा अपरेशनको नेतृत्व गर्न नियुक्त गरेको मिडिया आउटलेट आरबिसी–युक्रेनले जनाएको छ। जनरल द्रापातीले यसअघि सन् २०२२ मा रूसी सेनाबाट खेरसन क्षेत्रमा डिनिप्रो नदीको दायाँ किनारको क्षेत्रलाई पुनः प्राप्त गर्न सफल अभियानको नेतृत्व गरेका थिए।

गभर्नर सिनिहुबोभले उत्तरपूर्वमा रसियाको बहुदिशात्मक धक्काबारे प्रकाश पार्दै विशेषरूपमा भोभचान्स्क र लिप्टसी गाउँनजीकैको प्रगति हासिल गरेको बताए। युक्रेनी सेनासँग नजीकबाट जोडिएको डिपस्टेट टेलिग्राम च्यानलले रूसले लगभग एक सय वर्गकिलोमिटर क्षेत्रमा नियन्त्रण प्राप्त गरेको सङ्केत गरेको छ ।

रूसको रणनीतिक लाभलाई स्वीकार गर्दै युक्रेनी सेनाले खार्किभको अवस्थालाई विभिन्न क्षेत्रमा चलिरहेको आक्रमणका साथ 'जटिल र गतिशीलरूपमा परिवर्तन' भएको बताएको छ ।

रूसी सेनालाई रोक्न सफल भएपनि युक्रेनले बढ्दो जोखिमको सामना गरिरहेको बताउँदै गभर्नर सिनिहुबोभले द्वन्द्वले नयाँ बस्तीहरूलाई समेट्ने खतरा रहेको चेतावनी दिए।

यसैबीच, रूसको रक्षा मन्त्रालयले सेनाले लिप्टसी र भोभचान्स्क जस्ता सीमावर्ती गाउँहरूमा रणनीतिक स्थितिमा सुधार गर्न युक्रेनी जनशक्तिलाई प्रहार गरेको बताएको छ । रासस

# विषादीको बढ्दो प्रयोगप्रति 'एफएओ' चिन्तित

गेबोरोन (बोत्स्वाना), १ जेठ/सिन्ह्वा

बोत्सवानामा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ)ले कीरा, झार र रोगहरू व्यवस्थापन गर्न कीटनाशकहरूको व्यापक प्रयोगले इकोसिस्टम स्वास्थ्यका लागि आवश्यक प्रजातिहरूलाई हानि पुऱ्याउन सक्ने चिन्ता व्यक्त गरेको छ ।

सोमवार बोत्स्वानाको राजधानी गाबोरोनमा अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसको उपलक्ष्यमा एफएओका सहायक प्रतिनिधि लेसेडी मोडो–मोपेल्वाले कीरा, झार र अन्य कीराका कारणले हरेक वर्ष ४० प्रतिशतसम्म खाद्य बाली नष्ट हुने बताए ।

"यसले अर्थतन्त्रलाई मात्र असर गर्दैन, तर देशको खाद्य र पोषण सुरक्षालाई पनि गम्भीररूपमा असर गर्छ। विशेषगरी धेरैजसो कृषिमा निर्भर ग्रामीण समुदायका कमजोर समूहहरूका लागि असर गर्छ," उनले भने ।

मोडो–मेपोल्वाका अनुसार जलवायु परिवर्तन र मानव गतिविधिहरूले पनि बोटबिरुवाको स्वास्थ्यलाई हानि पुऱ्याइरहेको छ । कीरा र रोगहरूका लागि अनुकूल घर बनाइरहेको छ। यसले उनीहरूलाई पहिले नदेखिएका क्षेत्रहरूमा उत्पन्न गराइरहेको छ ।

उनले कीटनाशकको प्रयोगले रोगको फैलावट, जोखिममा पर्न सक्ने परागकण, प्राकृतिक कीट शत्रु र स्वस्थ पारिस्थितिकीय प्रणालीका लागि आवश्यक जीवहरूको प्रतिक्रियामा वृद्धि हुन सक्ने बताए ।

"त्यसैले फाइटोसेनेटरी उपायका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू जस्ता विश्वव्यापी सहयोग र अन्तर्राष्ट्रिय मापदण्डहरू प्रवर्द्धन गरेर सिमाना पारि बिरुवाको स्वास्थ्यको रक्षा गर्नु महत्त्वपूर्ण छ," उनले भने ।

बोत्सवाना अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि (आइपिपिसी)सँग सम्बद्ध छ । यसले विश्वको बोटबिरुवा, कृषि उत्पादनहरू र प्राकृतिक स्रोतहरूलाई बिरुवाका कीटहरूविरुद्ध सुरक्षित गर्न खोज्छ ।

आइपिपिसीले अफ्रिका फाइटोसेनेटरी प्रोग्राम (एपिपी) सिर्जना गरेको छ । यो महादेशको पहिलो फाइटोसेनेटरी कार्यक्रम हो । यसले सबै ५४ अफ्रिकी देशलाई बिरुवाको कीटहरूबाट बच्न र नियन्त्रण गर्न मदत गर्ने लक्ष्य राखेको छ ।

एपिपी, एफएओ र अफ्रिकी सङ्घको सहयोगमा लागू गरिएको आइपिपिसीको पाँच वर्षको पहलको उद्देश्य अफ्रिकी राष्ट्रिय वनस्पति संरक्षण सङ्गठन (एनपिपिओ)लाई प्रभावकारीरूपमा निगरानी गर्ने, कुशलतापूर्वक र चाँडै पत्ता लगाउने र अन्ततः बिरुवाको कीटहरूबाट पुनर्प्राप्ति गर्न सशक्त बनाउने रहेको छ । एपिपीको पाइलट चरणमा ११ अफ्रिकी मुलुक सामेल छन् ।

संयुक्त राष्ट्रसङ्घले मे १२ लाई अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसका रूपमा तोकेको छ । यो आइपिपिसी सचिवालय र एफएओद्वारा आयोजित दिवस हो । यस वर्षको स्मृति दिवस 'बिरुवा स्वास्थ्य, सुरक्षित व्यापार र डिजिटल प्रविधि' नाराका साथ मनाइएको थियो । रासस

# भारतमा आँधीका कारण १४ जनाको मृत्यु

नयाँ दिल्ली, १ जेठ/सिन्ह्वा

भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा सोमवार राति आएको विशाल आँधीबेहरी र वर्षाका कारण कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै करीब ७५ जना घाइते भएका छन् ।

आँधीबेहरी र वर्षाका कारण ठूलो विज्ञापन बोर्ड खस्दा उक्त घटना घटेको नागरिक एजेन्सीका अधिकारीले फोनमा पुष्टि गरेका छन् । उक्त घटना देशको आर्थिक राजधानी मुम्बईको घाटकोपर क्षेत्रमा भएको हो। सामाजिक सञ्जालमा साभार गरिएका श्रव्यदृश्य सामग्रीहरूमा हावाहुरीबाट बच्न ठूलो विज्ञापन बोर्ड मुनि धेरै कार तथा अन्य सवारीसाधनमा मानिसहरूले आश्रय लिएको देखाइएको छ ।

इन्धन स्टेशनको छेउमा जडान गरिएको उक्त विज्ञापन बोर्ड तीव्र गतिको हावाहुरीका कारण क्षतिग्रस्त भई खसेको थियो । पीडितहरू आँधी र वर्षाबीच इन्धन स्टेशनमा शरण लिइरहेका अवस्थामा दुर्घटना हुँदा ठूलो सङ्ख्यामा ज्यान गएको स्रोतले जनाएको छ ।

स्थानीय प्रहरी र अग्नि नियन्त्रक विभागका कर्मचारीहरूले विज्ञापन बोर्डको मुनिबाट मानिसहरूको उद्धार गरी स्थानीय अस्पताल पुऱ्याएका थिए । पछिल्लो रिपोर्ट अनुसार मुम्बई पुलिसले अवैधरूपमा जडान गरिएको विज्ञापन बोर्डका मालिकविरुद्ध आपराधिक मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको बताइएको छ । रासस


**मकैको खोस्टाबाट सामग्रीः** सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका–४ नवलपुरका महिलाहरूले मकैको खोस्टा प्रयोग गरी बनाएको हाते झोला, टोपीलगायतका सामग्री । महिलाहरूले केही दिनको तालीमपश्चात् यस्ता सामग्री बनाउन सिकेका हुन् । तस्बिरः रूपक पुरी/रासस

# किशोरावस्थामा हुने मानसिक रोगबारे अभिमुखीकरण


तस्वीरः प्रतीक

दिनेशकुमार मिश्र, वीरगंज, १ जेठ/

पोखरिया नगरपालिकाको आयोजना र युएसएडको सहयोगमा किशोरकिशोरी तथा बालबालिकाहरूको मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहानले बालबालिकाहरूमा मानसिक समस्या दिनहुँ बढिरहेको र किशोरकिशोरीहरूमा आत्महत्या गर्ने प्रवृत्ति बढिरहेकाले मानसिक स्वास्थ्य सम्बन्धमा संवेदनशील हुन आवश्यक रहेको बताए । उनले स्वास्थ्य दृष्टिकोणबाट यसको समाधान खोज्ने प्रयास हुनुपर्ने बताउँदै सामाजिक, राजनीतिकरूपमा पनि यसबारेमा चिन्तन जरुरी भएको बताए ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तवले किशोरकिशोरीको मनोविज्ञान बुझ्नुका साथै उनीहरूको दैनिकीमा निगरानी बढाउन आवश्यक रहेको बताए।

उनले वडा कार्यालय र स्वास्थ्यकर्मीहरूबाट यसको पहल प्रभावकारी हुने बताए । उनले बालबालिका, किशोरकिशोरीहरूमा पछिल्लो समयमा मानसिक रोग बढेकाले आत्महत्या गर्ने प्रवृत्ति बढेको दाबी गरे। कार्यक्रममा उपप्रमुख रुबी ठाकुर, स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्रलगायत वडाध्यक्ष, सदस्य र स्वास्थ्य चौकीका कर्मचारीहरूको सहभागिता थियो ।

# कर्मकाण्डी ब्राह्मणको अध्यक्षमा उपाध्याय

प्रस, वीरगंज, १ जेठ/

वीरगंजमा रहेका कर्मकाण्डी ब्राह्मणहरूको मङ्गलवार सम्पन्न भेलाले उत्तम उपाध्यायको अध्यक्षतामा कर्मकाण्डी ब्राह्मण समाज वीरगंज कार्यसमिति गठन गरेको छ ।

घडीअर्वा पोखरी परिसरमा मङ्गलवार सम्पन्न समाजको भेलाले उपाध्यायको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । नयाँ कार्यसमितिको उपाध्यक्ष विनोद सापकोटा, सचिव बलराम सुवेदी र कोषाध्यक्षमा बलराम तिमिल्सिनालगायत सदस्यहरू छन्। यसअघि समाजका अध्यक्ष पशुपति उपाध्याय थिए। तीन कार्यकालपछि आज नयाँ नेतृत्व चयन भएको हो ।


तस्वीरः प्रतीक

## आजको राशिफल

| | |
|---|---|
| मेष — सुयश | वृष — खर्चवृद्धि |
| मिथुन — धनलाभ | कर्कट — सफलता |
| सिंह — राज्यभय | कन्या — वादविवाद |
| तुला — व्यापारवृद्धि | वृश्चिक — कडाश्रम |
| धनु — चोरभय | मकर — भयचिन्ता |
| कुम्भ — मित्रमिलन | मीन — कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# क्रिकेटर लामिछानेको मुद्दामा भोलि सुनुवाइ हुने

काठमाडौं, १ जेठ/ रासस

उच्च अदालत पाटनमा क्रिकेटर सन्दीप लामिछानेविरुद्ध दायर भएको जबरजस्ती करणीसम्बन्धी मुद्दा भोलि बुधवार सुनुवाइ हुने भएको छ ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीको इजलासमा आज मङ्गलवार बहस भएको र सुनुवाइ नसकिएपछि बुधवार सुनुवाइ हुने भएको हो ।



यसअघि जिल्ला अदालत काठमाडौंले लामिछानेलाई बलात्कारमा दोषी ठहर गर्दै आठ वर्ष कैद र जरिवानाको फैसला सुनाएको थियो। सोही फैसलाविरुद्ध गएको पुनरावेदन निवेदनमा बहस भइरहेको हो ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# जबरजस्ती खोला उत्खनन गरे कारबाही

प्रस, निजगढ, १ जेठ/

जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साहको नेतृत्वमा बाराको कोल्हवी र निजगढ नगरपालिकास्थित बकैया खोलामा नदीजन्य पदार्थ उत्खनन कार्य तुरुन्त रोक्न हिसाब स्थानीय तह कोल्हवी र निजगढ नपाले जिल्ला समन्वय समिति कार्यालयमा नबुझाएसम्म उत्खनन कार्य तत्कालै बन्द गर्न स्थलगत निर्देशन दिएको जिसस, बाराका प्रमुख साहले बताए।

"खोला ठेक्का सकार गर्ने दुवै ठेकेदार

ठेक्कामा तोकिएको परिमाण ठेकेदारले उत्खनन गर्न पाउनुपर्ने देखिए वातावरणीय परीक्षण प्रतिवेदनको मापदण्डको पूर्ण अधीनमा रही उत्खनन गर्न पुनः निर्देशन दिइने अनुगमनमा सहभागी बाराका प्रमुख जिल्ला अधिकारी



बाराको निजगढ र कोल्हवी नगरपालिकास्थित बकैया खोलाको स्थलगत अनुगमन गर्दै जिसस बाराका प्रमुख साह, प्रजिअ घिमिरसहितको अनुगमन टोली। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

निर्देशन दिएका छन्।

मङ्गलवार दिउँसो कोल्हवी र निजगढ नगरपालिकाको बकैया खोलाको स्थलगत अनुगमन गर्दा ठेकेदार कम्पनीले मापदण्डविपरीत नदीजन्य पदार्थ ग्राभेल उत्खनन गरेको पाइएकोले ठेक्काको परिमाण र उत्खनन परिमाणको यकीन कम्पनीले अहिलेसम्म के कति परिमाणमा नदीजन्य पदार्थ उत्खनन गरिसकेको छ। सोको यकीन विवरण प्राप्त भएपछि र त्यस उपर समन्वय समितिको बैठकको निर्णयको आधारमा थप आवश्यक निर्देशन स्थानीय तहलाई दिइनेछ," जिसस प्रमुख साहले भने।

शशिधर घिमिरेले बताए।

"हामीले तत्कालै खोलामा उत्खनन बन्द भए नभएको निरीक्षण गरी जानकारी गराउन स्थानीय सुरक्षा निकाय इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी सुरक्षा बेसलाई निर्देशन दिइसकेका छौं। अटेर गरेको पाइए कानूनी कारबाही हुनेछ। खोलाको अनुगमन गरी ठेकेदारलाई मापदण्डको पालना गर्न गराउन कोल्हवी नपाका प्रमुख रामप्रसाद चौधरी र निजगढ नपाका प्रमुख सुरथ पुरीलाई कडाइका साथ भनेका छौं," प्रजिअ घिमिरेले बताए।

कोल्हवी नपाको सुवेदी निर्माण सेवा, महागढीमाई नगरपालिका–२ तेलकुवा र निजगढ नपाको हिमानी सप्लायर्स, निजगढ–७ ले मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खनन गरिरहेको पाइएकाले तत्कालै रोक्न निर्देशन दिएको प्रजिअ घिमिरेले बताए।

कोल्हवी नगरपालिकामा चालू आव २०८०/८१ को लागि नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती मूअकरबाहेक दुई करोड ५६ लाख ४९ हजार ०६६ रुपैयाँ ७० पैसामा सुवेदी निर्माण सेवाले सकार गरेको थियो। जसबापत ठेकेदार कम्पनीले २८ लाख ४९ हजार ८९०.३० घनफिट मात्रै नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्रीवितरण गर्न पाउने ठेक्का सम्झौता भएपनि यसको पाँच गुना बढी परिमाण उत्खनन गरिसकेको स्रोतले जनाएको छ।

त्यसैगरी, निजगढ नगरपालिकामा आव २०८०/८१ को लागि बकैया खोला, लाल–भक्तलाल खोला, शक्ति खोलाको नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती मूअकरसहित हिमानी सप्लायर्सले आठ करोड २८ लाख २९ हजारमा सकार गरेको थियो। ती खोलाहरूबाट ७० लाख छ हजार ६०८ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्रीवितरण गर्न पाउने ठेक्का सम्झौतामा उल्लेख छ। तीनवटा खोलामध्ये ठेकेदार कम्पनीले बकैया खोलामा मात्र उत्खनन गरेको छ। यस आवको खोला ठेक्काको समयसीमा जेठ मसान्तमा सकिन्छ।

खोलाहरूको अनुगमन गर्न टोली आउने जानकारी पाएपछि निजगढ नगर प्रमुख सुरथ पुरी, प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलालगायत निजगढ नपाका कर्मचारीहरू खोलामा पुगेका थिए। जिसस प्रमुख साह नेतृत्वको अनुगमन टोलीमा प्रजिअ घिमिरे, जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख महेन्द्र खड्का, सशस्त्र प्रहरी बल, नेपाल बारा प्रमुख सन्तोषबहादुर सिंह, राष्ट्रिय अनुसन्धान कार्यालय बाराका प्रमुख दीपक खड्का, डिबका बाराका वन अधिकृत जवाहरलालप्रसाद कुर्मी, जिल्ला समन्वय अधिकारी आमोद चौधरी, सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन सुरक्षा बेस निजगढका प्रहरी नायब उपरीक्षक श्रीराम कुँवरलगायतको सहभागिता थियो।


## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको,
- मानव अधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवाप्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## मेयरकप टी–२० को उपाधि विन्ध्यासिनीले जित्यो

सुग्रीव साह, भिस्वा, १ जेठ/

छिपहरमाई गाउँपालिकाको सहयोगमा युवा समाज भिस्वाद्वारा आयोजित मेयर कप टी–२० क्रिकेट प्रतियोगिताको उपाधि विन्ध्यवासिनी गाउँपालिकाले जितेको छ।




मङ्गलवार आयोजित प्रतियोगिताको फाइनलमा पकाहामैनपुरलाई पाँच विकेट अन्तरले पराजित गर्दै विन्ध्यवासिनीले उपाधि जितेको हो। प्रतियोगितामा पहिला ब्याटिङ गर्दै पकाहामैनपुरले निर्धारित २० ओभरको खेलमा १८.४ ओभर खेल्दै सबै विकेट गुमाएर १२४ रन बनाएको थियो।

प्रतिउत्तरमा विन्ध्यवासिनी गापाले १४.५ ओभरमा पाँच विकेट गुमाएर लक्ष्य हासिल गर्दै उपाधि जित्यो। प्रतियोगिताका विजयी टीमलाई उपप्रमुख लीलावती देवीले ३१ हजार नगद, शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिन्।

यसैगरी, वडाध्यक्ष मौजेलाल साह कानूले उपविजेतालाई २१ हजार नगद, शिल्ड, मेडल प्रमाणपत्र प्रदान गरे। फाइनल खेलको 'म्यान अफ दी म्याच' विन्ध्यवासिनी गापाका प्रवीण कुमार घोषित भए। सात दिनसम्म चलेको प्रतियोगिता तीन दिन वर्षाको कारण स्थगित गर्नुपरेको थियो। प्रतियोगितामा आठवटा टीम सहभागी भएको आयोजक कमिटीले जनाएको छ।

## राष्ट्रिय भलिबल खेलाडी सम्मानित

वालिङ (स्याङ्जा), १ जेठ/रासस

गण्डकी प्रदेशको प्रतिनिधित्व गर्ने राष्ट्रिय भलिबल खेलाडीहरूलाई सम्मान गरिएको छ। भलिबल खेलका माध्यमबाट जिल्लाका साथै प्रदेशको प्रतिष्ठा बढाएकोमा उनीहरूलाई सम्मान गरिएको हो।



स्याङ्जाको वालिङ–७ वनकट्टामा अवस्थित मनकामना युवा क्लबको १६औं वार्षिकोत्सव तथा वैशाख पञ्चमीको अवसरमा आयोजित पुरुष भलिबल प्रतियोगिताको अवसरमा पूर्वराष्ट्रिय खेलाडी तथा गण्डकी प्रदेश भलिबल टीमका प्रशिक्षक रमेश केसी, गण्डकी प्रदेशका टीम क्याप्टेन खोमप्रसाद पाण्डेय (हरि), खेलाडीहरू राजन दर्लामी, सुजन चोखाल, हिमाल सुनारी र सरोज बर्देवालाई सम्मान गरिएको हो।

गण्डकी टीमका भलिबल प्रशिक्षक तथा खेलाडीलाई नेपाली काङ्ग्रेसका उपसभापति एवं पूर्वमन्त्री धनराज गुरुङले सम्मान गरेका थिए।

## विश्वकप छनोटका लागि नेपाली फूटबल टोलीको घोषणा

काठमाडौं, १ जेठ/रासस

विश्वकप छनोटको दोस्रो चरण अन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई)विरुद्ध हुने खेलका लागि मङ्गलवार २८ सदस्यीय नेपाली फूटबल टोलीको घोषणा भएको छ।

नेपाली राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रारम्भिक चरणमा २८ सदस्यीय खेलाडीको



घोषणा गरेका हो। छनोट हुने नेपाली टोलीको गोलकीपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र सन्तोष महत रहेका छन्।

त्यसैगरी, रक्षकमा अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई, अजय चौधरी र योगेश गुरुङ छनोटमा परेका छन्।

मिडफिल्डरमा भरत खवास, लकेन लिम्बू, मणिकुमार लामा, मनीष डाँगी, वसन्त जिम्बा, फत्तेमान घले, रोहन कार्की र सुमित श्रेष्ठ छन् भने फरवार्डमा अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, समीर तामाङ र सञ्जीव विष्ट छन्।

नेपाल र युएईबीचको खेल यही जेठ २४ गते दशरथ रङ्गशालामा हुने तय भएको थियो। तर दशरथ रङ्गशालाको मापदण्ड नपुगेको भन्दै एएफसी (एशियन फूटबल महासङ्घ)ले खेल 'न्युट्रल भेन्यु'मा गर्न निर्देशन दिएको छ।